मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

**वैभव** शनिबार ४ पृष्ठको वैभव

**अफरोज अर्पण**- रक्तदानः आवश्यकता र फाइदा

**राजु सिलवाल**- एनपिएल क्रिकेटः कोशेढुङ्गा बन्ने अपेक्षा

'एनपिएल'को उत्साहपूर्वक प्रतीक्षा, विश्वका खेलाडी नेपालमा

**प्रगति ढकाल**- कोप–२९ को सहमतिः कार्बन बजार सुनिश्चिता कति सम्भव ?

वर्ष ३ ● अंक २१ ● २०८१ साल मंसिर १५ गते शनिबार ● Saturday 30, November 2024 ● सूर्योदयः बिहान ६:३६ बजे ● सूर्यास्तः साँझ ५:११ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# बहुदरमाइमा प्रशासकीय अधिकृतको मनोपोली

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाइ नगरपालिकामा कर्मचारीले जनप्रतिनिधिलाई बेवास्ता गर्दै आफूखुशी आर्थिक खर्च गरेको पाइएको छ । नगरपालिकामा आएको दुई वर्ष पुगेका प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तफाले मेयर र उपमेयरलाई बेवास्ता गर्दै आफूखुशी अधिकार दुरुपयोग गरेर अनियमितता गरेका हुन् ।
मेयर सिंगासन सा तेलीले आर्थिक अधिकार नदिएको र मेयरकै कारण सामाजिक सुरक्षा भत्तासमेत वितरण हुन नसकेको भन्दै सस्तो प्रचारबाजीमा उत्रिएका प्रमुख प्रशासकीय अधिकृत मुस्तफाले आफूनिकटहरुलाई खुशी बनाउन भनेर विज्ञापन र इन्धनको कुपन दिएर मेयर तथा उपमेयरविरुद्ध पनि प्रचारबाजी गराउने काममा राज्यशक्ति दुरुपयोग गरेको पाइएको छ । नगरपालिका स्रोतका अनुसार, प्रमुख प्रशासकीय अधिकृत मुस्तफाले पछिल्लो ३ महिनामा ३ हजार ४ सय ४६ लिटर इन्धनको कुपन आफूनिकटका र पर्साका उनका



पक्षमा समाचार लेख्ने पत्रकारहरुलाई बाँडेका छन् । उनले आफ्नो पक्षमा खुलेर सहयोग गर्ने कर्मचारीलाई यस्तो कुपन बाँडेका छन् । यस्तै, आर्थिक अधिकार नपाएपछि प्रमुख प्रशासकीय अधिकृत मुस्तफाले गाडी मर्मतका नाममा पनि कमाउधन्दा चलाएको पाइएको छ । गाडी मर्मतका नाममा उनले गरेको बदमासी गरेको सूचना मधेशदृष्टि दैनिकले प्राप्त गरेको छ । उनले आफन्तकहाँ गाडी मर्मत गराएको भन्दै मर्मत खर्चबापत १० लाख ११ हजार १ सय ६१ रुपैयाँको बिल नगरपालिकामा पेश गरेका छन् ।
कात्तिक ८ गते मात्रै नगरपरिषद भएको बहुदरमाइ नगरपालिकामा अधिकृत मुस्तफाले मेयर तेलीसँग दुरी बढाएपछि उनले मेयरबाट आर्थिक अधिकार पाएका छैनन् ।
बजेट कमिसनमुखी बनेको, आर्थिक अधिकार लिएर यस्ता योजनामा सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत मुस्तफा हतारिएको र दुई वर्ष पूरा भएकाले कुनै पनि बेला सरुवा भएर जाँदा सम्झौता भएका योजना कार्यान्वयन नभए नगरपालिका समस्यामा पर्न सक्ने भन्दै मेयर तेलीले उनलाई आर्थिक अधिकार नदिएको मेयर स्रोतको दाबी छ ।

## मेला र महोत्सव व्यवस्थित बनाउन सुरक्षा बैठक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा हुन लागेको दुई ठूला मेला तथा महोत्सव व्यवस्थित बनाउन मधेश प्रदेशस्तरीय विशेष सुरक्षा बैठक जनकपुरधाममा भएको छ । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा भएको सुरक्षा बैठकमा बाराको गढीमाईमा लागिरहेको मेला तथा जनकपुरधाममा मङ्सिर १६ गतेबाट शुरु भएर २२ गतेसम्म चल्ने श्रीसीताराम विवाह पञ्चमी महामहोत्सवलाई व्यवस्थित तथा शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने विषयमा छलफल भएको हो ।
पाँचवर्षको अन्तरालमा बाराको गढीमाईमा ठूलो धार्मिक मेला लाग्दा साथै जनकपुरधाममा भारतको अयोध्याबाट श्रीसीताराम विवाह पञ्चमी महामहोत्सवमा सहभागी हुन पाँच सयको संख्यामा विशिष्ट व्यक्तिसहित जन्ती आउने र लाखौँ व्यक्ति मेलामा सहभागी हुने गरेको छ । बैठकमा दुवै मेला तथा महोत्सवमा आउने भक्तजन तथा आगन्तुकको सुरक्षा सुनिश्चितता, जोखिम क्षेत्र पहिचान गरेर सुरक्षा व्यवस्था, मेलामा हुने भिड व्यवस्थापन, चोरी र दुर्घटनाका विषयमा छलफल भएको हो । मेला तथा महोत्सवलाई निर्विघ्न सम्पन्न गर्न स्थानीय तथा प्रदेशका निकायसँग समन्वयका विषयमा छलफल भएको गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले बताए । बैठकमा विगतको अनुभवको विषयमा समीक्षा गर्नुका साथै मेला व्यवस्थापनका लागि कार्ययोजना तथा जिम्मेवारी निर्धारण, मेला तथा महोत्सव व्यवस्थापनका लागि प्रमुख कर्मचारी टोलीलाई जिम्मेवारीका विषयमा छलफल भएको थियो । सुरक्षा व्यवस्था योजना, ट्राफिक व्यवस्थापन, भीड व्यवस्थापनका साथै मेलामा सिसिटिभी क्यामराको व्यवस्थापन, ड्रोन निगरानी, गस्ती तालिका, वाकीटकीज, मोबाइल कमाण्ड इकाइ, समन्वय बैठक व्यवस्थापन विषयमा पनि छलफल भएको छ । यसका साथै मूल सडकबाहेकका गल्लीमा प्रहरी गस्ती, लागुपदार्थ तथा गाँजा सेवन गर्नेलाई नियन्त्रण, जनकपुरधाम नगरक्षेत्रमा विनाहेलमेट मोटरसाइकल गुडाउनेलाई नियन्त्रण, चोरी तथा पाकेटमार नियन्त्रणका लागि पोशाकका प्रहरी उल्लेख्य संख्यामा परिचालन, ठूलो स्वरको डिजे बजाउन कार्यमा प्रदेशभर निषेध तथा आइतबार हुन लागेको उपचुनावलाई शान्तिपूर्णरुपमा सम्पन्न गर्न सबै सुरक्षा व्यवस्था मिलाउने बैठकले निर्णय गरेको छ । बैठकमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव उद्धव प्रसाद रिजाल, मध्यपृतना हेड क्वाटर बर्दिबासका उपरथी सुदर्शन सिलवाल, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, सशस्त्र प्रहरीका नायब महानिरीक्षक कालीदास धौवजी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक माधव तिमिल्सिना र मधेश प्रदेश प्रहरी कार्यालय प्रहरी उपरीक्षक सुभाष चन्द्र बोहोरासहितका सुरक्षा निकायका प्रमुखको सहभागिता थियो ।

## गढीमाईमा दर्शनार्थीको घुइँचो

**मधेशदृष्टि**
**बारा ।**
प्रत्येक पाँच वर्षमा लाग्ने प्रसिद्ध गढीमाई मेलामा गढीमाई माताको दर्शन गर्ने दर्शनार्थीको घुइँचो दिनहुँ बढेको छ । महागढीमाई नगरपालिकाअन्तर्गत गढीमाई नगरपालिकाको वडा नम्बर १ बरियापुरमा मङ्सिर १ गते देखि ३० गतेसम्म लाग्ने गढीमाई मेलामा देशविदेशका लाखौँ दर्शनार्थीले दर्शन गरेको मन्दिरका मुख्य पुजारी मंगल चौधरीले जानकारी दिए ।
'मङ्सिर महिनाको २३ गते मन्दिरका मुख्य पुजारीका परिवारजनबाट हुने पूजामा धामीझाँक्रीहरुले तान्त्रिक विधिद्वारा पन्चबली चढाई अन्य भक्तजनले ल्याएको पशुबली चढाउने काम शुरुवात हुन्छ,' मेला मूल समितिका अध्यक्ष उपेन्द्र यादवले भने । मेला व्यवस्थित बनाउन एवम् सभ्य, भव्यरुपमा लगाउन महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवको अध्यक्षतामा मूल समिति र अन्य उपसमिति बनाएर विभिन्न प्रकारका खेलतमासा, नौटंकी, सरकस, मौतको कुवालगायतका व्यवस्था गरिएको मेला समितिका महासचिव बबिता जयसवाले जानकारी दिइन् ।
मेलामा कुनै प्रकारको प्रतिकूल असर नपरोस् भन्ने उद्देश्यका साथ प्रहरीले १ हजार ४ सय ६६ जना प्रहरी परिचालन गरेर खुलारुपमा मदिरा बिक्री वितरण नियन्त्रण, ध्वनि प्रदर्शन हुनेगरी ठूलो स्वरमा डिजे बाजा बजाउन निषेध, जुवातास, कौडा, खेल्न नपाउने, महिला प्रयोग गरी कुनै खेल तमासा गर्न नपाउनेलगायतका व्यवस्था गरिएको प्रहरी उपरीक्षक महेन्द्र खडकाले जानकारी दिए । मेलामा आउने दर्शनार्थीका लागि कृषिसम्बन्धी विभिन्न प्रकारका जानकारी गराउन, मङ्सिर १८ गते देखि २४ गतेसम्म एक्सपो २०८१ के प्रदर्शनीको समेत गरिएको र १ सय ५० भन्दा बढी स्टल राखिने भएको छ ।

## ओलीको भ्रमणबारे चीनद्वारा जानकारी



**मधेशदृष्टि**
**काठमाडौं ।**
चीनको विदेश मन्त्रालयले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको औपचारिक घोषणा गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता माओ निङलेले चीनका राज्य परिषद्का प्रधानमन्त्री लि कियाङको निमन्त्रणमा प्रधानमन्त्री ओली मङ्सिर १७ गतेदेखि २० गतेसम्म चीनको भ्रमणमा रहने जानकारी दिइन् ।
चीनका प्रधानमन्त्री लि छ्याङको निमन्त्रणमा त्यहाँ गइरहेका प्रधानमन्त्री ओलीको भेटघाट चीनका राष्ट्रपति सी चिनफिङसँग हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । चीनका प्रधानमन्त्री कियाङसँग दुईपक्षीय वार्ता हुनुको साथै चीनको राष्ट्रिय जनकाँग्रेसका स्थायी समिति अध्यक्ष झाओ लेजीसँग पनि उनको भेटवार्ता हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । भ्रमणक्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्ने कार्यक्रम रहेको जनाइएको छ । त्यसैगरी, प्रधानमन्त्री चीनमा रहेको नेपाली दूतावास, चाइना काउन्सिल फर द प्रमोशन आफ इन्टरनेशनल ट्रेड (सिसिपिआइटी) र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल–चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रमसमेत रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।
यसैबीच, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र चिनियाँ विदेश मन्त्री वाङ यीबीच शुक्रबार द्विपक्षीय भेटवार्ता भएको छ । चीनको छन्दु शहरमा वार्ता भएको हो । चिनियाँ विदेशमन्त्री वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा चीनको औपचारिक भ्रमण गर्न तथा प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणको तयारीका सिलसिलामा मन्त्री डा. राणा बिहीबार गएकी हुन् । उनीहरूबीच नेपाल चीन सम्बन्धका विविध पक्ष, आपसी हित र साझा चासोका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमण र त्यस अवसरमा हुने दुई देशबीचको सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको थियो ।
भेटवार्तामा परराष्ट्रमन्त्री डा. राणाले चिनियाँ विदेशमन्त्री वाङ यीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिएकी थिइन् । वार्ताक्रममा चीनको ७५ औँ स्थापना दिवस र आगामी वर्ष नेपाल चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० औँ वार्षिकोत्सवका अवसरमा विदेशमन्त्री वाङमार्फत् चीन सरकार र चिनियाँ नागरिकलाई मन्त्री डा. राणाले बधाई ज्ञापन गरिन् ।
मन्त्री डा. राणाले पछिल्लो समय नेपाल चीन सम्बन्धमा उल्लेखनीय उपलब्धि हासिल भएका र यसका कारण सम्बन्ध थप बलियो बन्दै गएको बताउँदै चीन सरकारले चीन भ्रमण गर्ने नेपाली नागरिकलाई हाले भिसा शुल्क नलाग्ने घोषणा गरेकोमा चीन सरकारलाई धन्यवाद दिइन् । मन्त्री डा. राणा शनिबार नेपाल फर्कनेछिन् ।

## रेडियो वीरगंजद्वारा रक्तदान आयोजना

RADIO Birgunj 99 fm.

**मधेशदृष्टि**
**वीरगंज ।**
मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले आफ्नो प्रसारणको २२ वर्ष पूरा गरी गौरवमयरुपमा २३ औं वर्ष प्रवेश अवसरमा मंसिर १५ गते शनिबार बिहान ७ बजेदेखि रक्तदान आयोजना गरेको छ ।
रक्तदान कार्यक्रम अरु वर्ष झैँ यसवर्ष पनि वृहतरुपमा आयोजना गरिएको हो । रक्तदान कार्यक्रम सभ्य र भव्यरुपमा सम्पन्न गर्ने उद्देश्यले तयारी पूरा भएको रेडियो वीरगंज, टिभी वीरगंज तथा मधेशदृष्टिका कार्यकारी अध्यक्ष ध्रुव साहले जानकारी दिए ।
रेडियो वीरगंजले आफ्नो स्थापनाकालदेखि जनतालाई सुसूचित गर्ने कार्यमा मात्र नभई सामाजिक गतिविधिमा समेत अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । यस्तै, संस्थाले रक्तदान कार्यक्रममा आफ्नो विशिष्ट पहिचान बनाउँदै आएको छ । गतवर्ष झैँ यसवर्ष पनि रक्तदान कार्यक्रममा रेडियोका आमश्रोता, विज्ञापनदाता, शुभचिन्तकका साथै स्थानीय समाजसेवी, बुद्धिजीवी, उद्योगी, व्यवसायी, राजनीतिकर्मी, सञ्चारकर्मी, प्रहरी प्रशासनलगायत समाजका हरेक वर्गको सहभागिता रहने अपेक्षा गरिएको अध्यक्ष साहले बताए ।
नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्र वीरगंजको प्राविधिक सहयोगमा शनिबार बिहान ७ बजेदेखि रक्तदान कार्यक्रम शुरु हुनेछ । रेडियो वीरगंज परिसरमा आयोजित रक्तदानमा बारा, पर्साबाट मात्र नभई देशका विभिन्न स्थानबाट ठूलो संख्यामा रक्तदान गर्न सहभागिता हुँदै आएको छ ।

## बरामद काठको परिमाण घटाउन वन कार्यालयकै चलखेल

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बडनिहार नगरपालिका–३ बडनिहार बजारबाट झ्यालढोकाका फ्रेमसहित बरामद भएको काठको सेट घटाउन चलखेल भइरहेको पाइएको छ । अघिल्लो शनिबार बडनिहारबाट ना ३ त ३२२७ नम्बरको ट्याक्टरबाट वीरगंज महानगरतर्फ ल्याउँदै गरेको करिब ३२ सेट काठका झ्यालढोकाका फ्रेम बरामद भए पनि त्यसलाई १७ सेट भनेर बरामद मुचुल्काको कागजपत्र बनाउने चलखेल भइरहेको जानकारी प्राप्त भएको छ । ट्याक्टरसहित पक्राउ परेका वीरगंज–२९ का चालक अनिलप्रसाद चौधरीलाई नियन्त्रणमा राखिएको छ । बिनाकागजपत्र काठका सेट बरामद भएपछि डिभिजन वन कार्यालय बडनिहारले ट्याक्टरलाई लिलामीबाट बचाउन र पक्राउ परेका चौधरीलाई छुटाउन १७ सेट मात्र काठ बरामद भएको कागजपत्र बनाइरहेको स्रोतको दाबी छ । जिल्ला वन कार्यालय, वीरगंजको पनि मिलेमतोमा बारमद काठको परिमाण घटाएर आर्थिक लाभका लागि चलखेल गरिएको हो ।

# बागमतीमे मेलम्चीके पाइन खोलबाक लेल मन्त्री यादवके निर्देशन

**काठमाण्डू ।**
खानेपानीमन्त्री प्रदीप यादव सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रसँ मेलम्चीके पाइन वाग्मती नदीमे खोलबाक लेल मातहतक निकायकेँ निर्देशन देलैन अइछ । केन्द्रसँ नदीमे नियमित रूपमे पाइन प्रवाह क पवित्र वाग्मती नदी साफ राखबाक लेल मन्त्री यादव वृहस्पैतदिन निर्देशन देलैन अइछ । ओ कहलैन, 'सुन्दरीजलके प्रशोधन केन्द्रके पाइन दैनिक रूपमे वाग्मती नदीमे खोलब, मेलम्चीके पाइनसँ वाग्मती नदी सेहो साफ हएत ।'
मेलम्ची खानेपानी विकास समितिक कार्यकारी निर्देशक रत्न लामिछाने नदी प्रवाहमे सहयोग करबाक लेल केन्द्रके पाइन वाग्मतीमे खोलल गेल बतौलैन । ओ कहलैन, 'वृहस्पैतदिनसँ करिब चाइर करोड़ लिटर पाइन वाग्मतीमे खोलब ।'
काठमाण्डू उपत्यकामे जनसंख्याके आधारकेँ मध्यनजर करैत सकभर दैनिक, नै भेल खण्डमे एक दिन बाद सेहो मेलम्चीके शुद्ध पाइन वितरण करबाक लेल काठमाण्डू उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)केँ निर्देशन देल गेल छल ।
मन्त्री यादव काठमाण्डू उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)केँ बाला चतुर्दशीक दिन आराध्यदेव भगवान् पशुपतिनाथस्थित कैलाश क्षेत्रमे होबएबला मेलामे सहभागी होबएबला भक्तजनकेँ पियब, स्नान अन्य काज करबाक लेल मेलम्चीके पाइनके व्यवस्था करबाक लेल कहलैन ।
अइ साल पशुपति क्षेत्र विकास कोष बाला चतुर्दशी पावैनक अवसरमे कैलाश क्षेत्रमे मेलामे सहभागी होएबाक लेल स्नान हेतु पाइनक व्यवस्था करबाक लेल काठमाण्डू उपत्यका खानेपानी लिमिटेडकेँ आग्रह केलक अइछ ।

# प्रदेशके समाचार सम्बन्धमे बागमती प्रदेश सरकारक मुख्यमन्त्री आ रासस अध्यक्षबीच बातचित

**बागमती ।**
बागमती प्रदेश सरकार आ राष्ट्रिय समाचार समिति (रासस) बीच बागमती प्रदेशक समाचार सम्बन्धमे सहकार्य करबाक विषयमे वृहस्पैतदिन बातचित भेल अइछ ।
हेटौँडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमे बागमती प्रदेशक मुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ) आ राससक कार्यकारी अध्यक्ष धर्मेन्द्र झाबीच भेल भेटवार्तामे प्रदेशक गतिविधिसम्बन्धी समाचारक सन्दर्भमे प्रदेश सरकार आ राससबीच सहकार्य करबाक विषयमे बातचित भेल अइछ ।



बातचितक क्रममे मुख्यमन्त्री लामा प्रदेश सरकार राससससङ सहकार्य करबाक लेल तैयार रहल कहलैन ।
मुख्यमन्त्री लामा रासस राज्यद्वारा सञ्चालित समाचार संस्था भेलासँ प्रदेश सरकारक गतिविधिसम्बन्धी समाचार आ सूचनासभ राससमार्फत जनतासमक्ष प्रस्तुत करबाक लेल प्रदेश सरकार राससससङ सहकार्य लेल तैयार रहल उल्लेख केलैन ।
प्रदेश सरकारक बहुतरास सूचनासभ रासस सम्प्रेषण करैत आएल प्रसङ्ग उल्लेख करैत मुख्यमन्त्री लामा प्रदेश सरकारसेहो राससससङ आओर व्यवस्थित रुपमे सहकार्य करबाक लेल इच्छुक भेल बतौलैन ।
राससके बागमती प्रदेश कार्यालय भवनके लेल प्रदेश सरकार आवश्यक सहयोग करबाक प्रतिबद्धता व्यक्त करैत मुख्यमन्त्री लामा तामाङ भाषामे समाचार बुलेटिन प्रकाशनक लेल राससकेँ प्रदेश सरकार सहयोग करबाक प्रतिबद्धतासमेत व्यक्त केलैथ ।
सएह अवसरमे राससक कार्यकारी अध्यक्ष झा रासस राज्य सञ्चालित संस्था भेलासँ राज्यक प्रत्येक तहके गतिविधिक समाचार सम्प्रेषण क आमजनताकेँ सुसूचित करबाक लेल प्रतिबद्ध रहल बतौलैन ।
ओ प्रदेश सरकारसङ सहकार्य क प्रदेशक गतिविधि राससमार्फत सम्प्रेषण होएब रासस आ प्रदेश सरकारक लेल सेहो उपलब्धिमूलक होबाक विश्वास व्यक्त करैत अध्यक्ष झा रासससेहो प्रदेश सरकारसङ सहकार्य करबाक लेल तैयार रहल बतौलैन ।
बातचितक क्रममे झा रासस सङ्घीयताके भावना बमोजिम सङ्घीय सरकार आ स्थानीय सरकारसङक सहकार्यमे अवधि, नेपाल आ मैथिली भाषाके समाचार बुलेटिन प्रकाशन करैत आएल जानकारी दैत बागमती प्रदेश सरकारसङ सहकार्य क तामाङ भाषामे समाचार बुलेटिन प्रकाशन करबाक लेल प्रतिबद्ध रहल बतौलैन ।
राससक कार्यकारी अध्यक्ष झा वृहस्पैतदिन हेटौँडास्थित राससके बागमती प्रदेश कार्यालयके निरीक्षण केलैन अइछ । कार्यालय निरीक्षणपश्चात् अध्यक्ष झा ग्रामीण आ खोजमूलक समाचार सङ्कलन करबाक लेल विशेष धीयान देबाक लेल निर्देशनसेहो देलैथ ।

# प्रधानमन्त्री ओली लुम्बिनीमे

**लुम्बिनी ।**
प्रधानमन्त्री केपी शर्मा ओली लुम्बिनी बौद्ध विश्वविद्यालयक तेसर दीक्षान्त समारोहमे सहभागी होबाक लेल लुम्बिनी आएल छैथ । हुनका भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमे मुख्यमन्त्री चेतनारायण आचार्य स्वागत केलैन । कार्यक्रममे प्रधानमन्त्रीसहित उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, लुम्बिनी प्रदेशक मुख्यमन्त्री आचार्य, शिक्षामन्त्री विद्या भट्टराई सहभागी भ रहल छैथ । दीक्षान्तमे विश्वविद्यालयक २८९ विद्यार्थी दीक्षित भ रहल अइछ ।

# एनपिएलः एनसेल फाउन्डेसन प्रत्येक चौकामे शैक्षिक सामग्री वितरण करत

**काठमाण्डू ।**
एनसेल फाउन्डेसन नेपाल प्रिमियर लिग (एनपीएल)क खेलमे प्रत्येक चौकामे ग्रामीण आ दुर्गम क्षेत्रक सामुदायिक विद्यालयक विद्यार्थीकेँ चाइरटा शैक्षिक सामाग्री प्रदान करबाक घोषणा केलक अइछ ।
'क्रिकेट सबकेँ एकताबद्ध करैत छै, एहि प्रयासमार्फत हमसभ ग्रामीण आ दुर्गम विपन्न क्षेत्रक विद्यार्थीसभके जीवनमे सकारात्मक प्रभाव आन चाहै छी,' एनसेलक कर्पोरेट कम्युनिकेसन आ सीएसआर प्रमुख विशाखा लक्ष्मी खड्का कहलैन ।
फाउण्डेसनद्वारा उपलब्ध कराएल जाएबला शैक्षिक सामग्री क्रिकेट एशोसिएसन नेपाल (क्यान), स्थानीय निकाय आ सरोकारवालासभके समन्वयमे देल जाएत ।
क्यान एनपीएलक लेल एनसेलसङ एहिसँ पहिने साझेदारी सम्झौता भ चुकल अइछ । एहि साझेदारीअन्तर्गत, एनसेल, सिद्धार्थ बैंक नेपाल प्रिमियर लिगके 'पावर्ड बाई' पार्टनरके रूपमे अइछ ।

# समाजसुधारक सदानन्द झाके जीवनीमूलक दू कृति विमोचित

**काठमाण्डू ।**
तराइके समाजसुधारक तथा आध्यात्मिक व्यक्तित्व सदानन्द झाके जीवनीमे आधारित दू कृति वृहस्पैतदिन विमोचन भेल अइछ । सर्लाही, सिमरा गामँक न्यूनदृष्टियुक्त झाके जीवनकथाकेँ सुनीलकुमार झा 'देशको पीडा विदेशको पीर' शीर्षकमे नेपाली भाषामे आ डिएल भण्डारी 'द अनसिन पोयट अफ सिमराः कवि सदानन्द झा' शीर्षकमे अङ्ग्रेजी भाषामे लिखल गेल आ क्रमशः बुकहिल पब्लिकेसन प्रा.लि, काठमाण्डू आ विजयकुमार झा, सर्लाही प्रकाशक रहल कृति सार्वजनिक कएल गेल अइछ ।



सर्लाही समाज कल्याण प्रतिष्ठानद्वारा आयोजना कएल गेल कार्यक्रममे केएन स्वामी सच्चरित्र, असल व्यवहार, मातृभाषा आ संस्कारबारे नवका पुस्ताकेँ सिखेबा लेल जोड देलैथ, प्रा डा. राजेन्द्र प्रसाद विमल ज्ञानके महासमुद्र रहल कृति जीवनकेँ औचित्यपूर्ण जे बनाबए चाहै छैथ हुनका लेल उपयोगी भेल विचार व्यक्त केलैन । साहित्यकार डा रामदयाल राकेश, अधिवक्ता उमेशचन्द्र झा, पत्रकार कृष्णमुरारी भण्डारी आ साहित्यकार धीरेन्द्र प्रेमर्षि सीमान्त गामँक सदानन्दमे अभिभावकीय, समाजसुधारक, धार्मिक, आध्यात्मिक, दार्शनिक, 'रामायणक मर्मज्ञ' व्यक्तित्व भेल कहैत कृति प्रकाशनसँ लेखक सर्लाही आ सदानन्दकेँ अमर बनौने विचार व्यक्त केलैन । पहिल कृति आध्यात्मिक जीवनके लेल उपयोगी होबाक सङे देशभक्ति जगेबाक तथा तराई, पहाड आ हिमालकेँ जोड़बाक विश्वाससेहो ओसभ व्यक्त केलैन । सएह अवसरमे सुनील कुमार आ विजय कुमार झा प्रा डा विमल, उद्दिष्टनारायण झा, धनेश्वर ठाकुर, देवचन्द्र झा, मुन्नर यादव, शालिकराम श्रेष्ठ, भगवानरत्न कंसाकार, सनतकुमार कर्ण, राजेन्द्र ठाकुर आ सुश्री कृष्णा घिमिरेकेँ फूलमाला, दोसल्ला, सम्मानपत्रसँ सम्मानित केलैन । ओसभ सात सालसँ एहिन कार्यक्रम करैत आएल छैथ । समारोहमे रुपेश झालगायत गीत, भजन गाबने छलाह ।

# एसिया आ विश्वकपकेँ हाथमे उठाब चाहै छीः महतो



यु–१९ नेपाली महिला क्रिकेट टीमक कप्तान पूजा महतो कहलैथ जे आबैवला एसिया कप आ विश्वकप जितबाक हमर प्रमुख लक्ष्य अइछ। युएईमे भेल दुनूटा अन्तर्राष्ट्रीय प्रतियोगितामे सहभागिता लेल छनौट प्रतियोगिता जीत क गृह जिला महोत्तरी घुमल १८ वर्षक पूजाक अनुसार देश एलाक बाद जे सम्मान भेटल, ताहिसँ भावविभोर भेल बतबैत जिम्मेदारी बोध सेहो बढ़ल कहलैन ।
सामान्य लोकमे खेलक प्रति जागरूकता आ विश्वाससँ नेपालक खेल जगत आब निरन्तर सफलता दिस आगू बढ़त, ओ कहलैथ।
प्रस्तुत अइछ कप्तान महतोसँ गौशाला–९ डुमरवानास्थित घरपर क्रिकेट लेल हुनकर लगाव आ भविष्यक योजनापर राससक सवाददाता गोपाल बरालसङे कएल गेल अन्तर्वाताक सम्पादित अंशः युएईसँ छनौट प्रतियोगिता जीत क एलाक बाद अहाँ सम्मान आ पुरस्कारमे व्यस्त छी। एहन अनुभव द अहाँ किछु कहब? युएईमे प्रतियोगिता जीतब हमरालेल अत्यन्त खुशीक बात छलै। ई जीत देखबैत अइछ जे खेलक प्रति लोकक उत्साह कते छै । अहाँसभक स्नेह आ सम्मानसँ हमरा आगू बढ़बाक ऊर्जा भेटल अइछ। मधेश प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, सामाजिक संस्था, खेलजगत आ आम लोकक समर्थनसँ हम प्रेरित भेलौँ। हमरा विश्वास अइछ जे क्रिकेटक प्रति एहन रुचि आ जागरूकतासँ भविष्यमे खेलक लेल स्वर्णिम समय आओत।
अहाँ ग्रामीण पृष्ठभूमिसँ सामान्य किसान परिवारक महिला छी। क्रिकेटसँ कोना जुड़लौँ? हँ, हम सामान्य किसान परिवारमे जन्मल छी। घरक खेत पथारसँ गुजर–बसर मुश्किल छलै, जेकर कारणसँ हमर बाबुजी रंजीत महतो पूरा परिवारसङे भारतक दिल्ली चइल गेलाह। हम तीन बहिन आ एक भाइ दिल्लीमे रह लगलौँ। हमर छोट बहिन आरती आ भाइ कृष्ण ओहि ठामक अकादमीमे क्रिकेट खेलैत छलै। हम हुनकासङे जाइत रही। प्रशिक्षक हमरा पर धीयान देलैथ आ खेलबाक अभ्यास करै लागलौँ। चाइर सालधैर अभ्यासक बाद हमर भाइ खेलमे सहभागी होबाक लेल नेपाल एलै। हुनका नेपाल क्रिकेट संघ (क्यान)क उपाध्यक्ष रोशनकुमार सिंहसँ भेट भेल। भाइ हमर खेलक बारेमे हुनका कहलैथ आ हमर भिडियो आ फोटो पठौलैथ। ई देखि क उपाध्यक्ष सिंह हमरा नेपाल बजौलैथ आ खेलमे मौका देलैथ। हुनक मार्गदर्शनसँ हम जिला, प्रदेश आ आब देशक यू–१९ महिला क्रिकेट टीमक कप्तान बनलौँ। हमरा जे सफलता भेटल अइछ, से क्यान आ हमर टीमक सामूहिक मेहनतक परिणाम छी। आगू की योजना अइछ? आब नोभम्बरमे मलेशियामे एसियाकप आ दिसम्बरमे विश्वकप अइछ। हमर सपना छै जे एहि दुनू प्रतियोगितामे सफलता प्राप्त करी। हमर टीमक उद्देश्य एखन मात्र अर्जुन दृष्टिजकाँ ई प्रतियोगितामे जीत हासिल करब अइछ। अन्तिम मे किछु कहब चाहब? हँ, मधेश सरकारक 'बेटी पढाउ, बेटी बचाउ' अभियान बहुत नीक अइछ, मुदा आब 'बेटी खेलाउ' सेहो जोड़ल जाए। खेलसँ किशोर आ युवा लड़कीसभक शारीरिक विकाश, बाहरी गतिविधिमे सक्रियता आ आत्मविश्वास बढ़ैत अइछ। ई लैंगिक भेदभावकेँ मिटबाक संग लैंगिक हिंसा विरुद्धक अभियानमे सेहो सहयोगी बनैथ ।

# बागमती नदीमे खोलल गेल मेलम्चीके पाइन

**काठमाण्डू ।**
बालाचतुर्दशी पावैनकेँ लक्षित क मेलम्ची खानेपानी विकास समितिके सुन्दरीजलस्थित पाइन प्रशोधन केन्द्रसँ बागमती नदीमे आओर पाइन खसाएल गेल अइछ । आइ साँझ पशुपतिस्थित कैलाश क्षेत्रमे पितृके नाममे दीप बाअरब आ शैनदिन भोर सतबिज छिटबाक परम्परा चलैत आएल अइछ । वृहस्पैतदिन साँझसँ मेलम्चीके पाइन खोलल गेल मेलम्ची खानेपानी विकास समितिक कार्यकारी निर्देशक रत्न लामिछाने जानकारी देलैन । ओ कहलैन, 'बागमती नदी प्रवाहमे सहयोग करबाक लेल मेलम्चीके पाइन बागमतीमे खसाबैत आएल छलौँ, वृहस्पैतदिनसँ आओर करिब चाइर करोड़ लिटर पाइन बागमती नदी साफ करबाक लेल खसा रहल छी ।'



काठमाण्डू उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) केँ बालाचतुर्दशीक दिन पशुपतिनाथस्थित कैलाश क्षेत्रके मेलामे सहभागी होबबला भक्तजनकेँ पेयजल, स्नान करबाक लेल मेलम्चीके पाइनके व्यवस्थासेहो करबाक निर्देशन देल गेल छल ।

# नेपोभिट टाइल्स जनकपुर बोल्ट्सके 'डेकोर पार्टनर'

**काठमाण्डू ।**
नेपाल प्रिमियर लिग (एनपिएल) के टोली जनकपुर बोल्ट्स नेपाल सेरामिक इण्डष्ट्रीकेँ डेकोर पार्टनरमे अनुबन्धित केलक अइछ ।
एनपिएल शैनदिनसँ सुरु भ रहल अइछ । एहिसँ क्रिकेट क्षेत्रमे उत्साह निरन्तर बढ़ैत जा रहल अइछ ।
एहि क्रममे नेपोभिट टाइल्स जनकपुर बोल्ट्ससङ डेकोर पार्टनरक रुपमे अनुबन्धित भेल अइछ । जनकपुर बोल्ट्सक परिचालन प्रमुख नीरज खतिवडा आ नेपोभिट टाइल्सक अध्यक्ष शम्भुनाथ झा वृहस्पैतदिन एक समारोहबीच उक्त सम्झौतापत्र आदनप्रदान केलैन ।
जनकपुर बोल्ट्सक परिचालन प्रमुख खतिवडा कहलैथ, 'नेपोभिट टाइल्सकेँ जनकपुर बोल्ट्सके डेकोर पार्टनरक रूपमे स्वागत करैत हमरासभ बहुत खुशी छी ।' एहिना नेपोभिट टाइल्सक अध्यक्ष झा, नेपोभिट टाइल्सकेँ जनकपुर बोल्ट्ससङ डेकोर पार्टनर बनब सम्मानके विषय भेल बतौलैन । 'जहिना नेपोभिट परिष्कृतताक सङ ठामँसभके वृद्धि करैत छै, तहिना हमरासभ टीमके सफलताक यात्राकेँ सेहो आगू बढ़ेबाक आश करैत छी,' ओ कहलैन ।
बाराके जितपुरमे २०७९ सालमे स्थापित नेपोभिट टाइल्स घरायसी तथा व्यावसायिक प्रयोजनक लेल नेपालेमे अन्तर्राष्ट्रिय स्तरके टाइल्स उत्पादन करैत आएल अइछ ।

# रक्तदानः आवश्यकता र फाइदा



अफरोज अर्पण
arpan.afroz786@gmail.com

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन। स्वेच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ। नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ तर जहिल्यै अभावका समाचार आइरहेका हुन्छन्। पछिल्लो समय बाढी, पहिरा, भूकम्पजस्ता प्राकृतिक कारणदेखि सडक दुर्घटना एवम् स्वदेशमै अनेक जटिलखालका रोगहरूको शल्यक्रियाको सुविधा पनि उपलब्ध भएसँगै रगतको माग आकासिएको छ। ब्लड बैंकहरूले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन्। योग्य व्यक्तिहरूले पनि रक्तदान नगर्ने प्रवृत्तिले गर्दा देशमा रगतको अभाव भएको छ।

स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेह तथा एचआइभी÷एड्स नलागेको व्यक्ति रक्तदान गर्न योग्य मानिन्छन्। गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन। रक्तदानको २४ घण्टाअघि र पछि रक्सी वा अन्य लागूपदार्थ सेवन गर्नुहुँदैन।

रक्तदान गर्दा कतिपय मुटुजन्य रोगका समस्या र कतिपय मधुमेहजन्य रोगका समस्या निदान हुने विभिन्न स्वास्थ्य अनुसन्धानले प्रमाणित गरेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विकसित देशमा एक हजारमा ३३ दशमलव चार जना, विकाशोन्मुख देशमा ११ दशमलव सात जना र अल्पविकसित देशमा चार दशमलव छ जनाले मात्र रक्तदान गर्ने गर्दछन्। विश्वको जनसंख्याको दुई प्रतिशतले मात्र रक्तदान गर्दा पनि बिरामीको उपचारको लागि रगत अभाव हुँदैन भन्ने तथ्याङ्क छ।

**रक्तदान किन आवश्यक छ?**

वैज्ञानिकहरूले चिकित्सा क्षेत्रमा अकल्पनीय आविस्कारहरू गरी क्यान्सर, मिर्गौला प्रत्यारोपण, ठूला एवम् जटिल रोगहरूको उपचार पनि सम्भव गराएका छन् तर त्यस्ता रोगहरू उपचार गर्न मानव जीवनका लागि नभई नहुने रगतको विकल्प भने दिनसकेका छैन। प्राकृतिक प्रकोपका कारण बर्सेनि लाखौँले जीवन गुमाउने गर्दछन् भने करोडौँको संख्यामा घाइते हुन्छन्। त्यस्तै मानव निर्मित सडक दुर्घटना, युद्धजस्ता कारणले समेत बर्सेनि ठूलो संख्यामा मानवीय क्षति हुने गरेको छ। यसका अलावा सरुवा रोगलगायत विभिन्न प्रकोपका कारण लाखौँको ज्यान जान्छ। साथै गरिब परिवारका गर्भवती, सुत्केरी तथा नवजात शिशुको रगतमा हेमोग्लोबिनको मात्रा कम भएकालाई उपचार गर्न रगत आवश्यक पर्दछ।

कुनै पनि बिरामीको उपचारका क्रममा रगत आवश्यक हुन गएमा अर्को स्वस्थ मानिसलाई रक्तदान गराउनुबाहेक अर्को विकल्प छैन। आफ्नो शरीरको अमूल्य रगतबाट अरुको जीवन बचाउन सकिने भएकाले नै रक्तदानलाई जीवनदान भन्ने गरिएको हो। हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यत्तिकै खेर जान्छ। खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने भन्ने भावनाको विकास हुन जरुरी छ। त्यसैले रक्तदानभन्दा अर्को ठूलो पुण्य काम केही हुँदैन।

**रक्तदान कतिपटक गर्न सकिन्छ?**

मानिसको शरीरमा रगत बोनम्यारोमा बन्छ। शरीरमा हरेक १२० दिनमा नयाँ रगत बन्दै जाने र पुरानो रगत नष्ट हुने गर्दछ। पुरुषमा ७६ र महिलामा ६६ मिलीलिटर प्रतिकिलोग्राम रगत हुन्छ। मानिसलाई दैनिक काम गर्नका लागि ५० मिलीलिटर रगत प्रतिकिलोग्राम आवश्यक पर्दछ। एकजना स्वस्थ एवं ४५ किलोग्राम तौल भएको व्यक्तिले आठ मिलीलिटर प्रतिकिलोग्राम अर्थात् तीन सय ६० मिलीलिटर रगत सजिलैसँग दान गर्न सक्छ। यो रगत दिँदा हाम्रो शरीरमा कुनै कमजोरी हुँदैन। दान गरेको रगतको परिणाम कुनै पनि तीन सय ६० मिलीलिटर पेय पदार्थबाट र दैनिक खानपानबाट केही दिनमा आफैँ बनेर पूर्ति हुने भएकाले रक्तदान गर्न सकिन्छ। रगत निकाल्दा यसले कमजोरी बनाउँदैन तर आफ्नो शरीरमा सञ्चालन भएको रगत एकाएक निकाल्दा रगतका कोशिका र नसाहरूमा केही गडबड भने हुन्छ। यसले कसैकसैलाई केही अप्ठ्यारो हुन्छ तर तरल पदार्थको यथेष्ट खाएका एक–दुई दिनमा नै यथारूपमा आउँछ। एउटा स्वस्थ व्यक्तिको शरीरमा चारदेखि पाँच लिटर रगत हुन्छ। त्यसमध्येबाट ३५० मिलीलिटर मात्र रगत लिने गरिएको छ। रक्तदानको महत्वबारे समाजमा अझै अनेक अविश्वास, भ्रम र चेतनाको अभाव रहेको पाइन्छ।

**के हो रगत?**

रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्बनडाइअक्साइड, युरिया जस्ता विकार ओसार–पसार गर्छ। रगतको रातो रक्तकणले अक्सिजन तथा कार्बनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ। शारीरिक तौलको ७ प्रतिशत भाग रगत हुन्छ भने त्यसमध्ये ६० प्रतिशत भाग प्लाज्मा '९० प्रतिशत पानी र १० प्रतिशत पोषक तत्व' हुन्छ। रगतको बाँकी ४० प्रतिशत भागमा भने ठोस पदार्थ 'रातो रक्तकण, श्वेत रक्तकण र प्लेटलेट्स' हुन्छन्। ३५ देखि ४० प्रतिशत नेपाली ए पोजिटिभ, २९ प्रतिशत ओ पोजिटिभ, २७ प्रतिशत बी पोजिटिभ र १० देखि १२ प्रतिशत एबी पोजिटिभ रक्त समूहका छन्। ९९.४ प्रतिशत नेपाली पोजिटिभ समूहको छन् भने ०.६ प्रतिशत ९ अहिले बढेर २ प्रतिशत (आरएच नेगेटिभ) अर्थात् हाल नेपालमा १०० व्यक्तिमा दुई जनाको रक्त समूह नेगेटिभ छ।

**रक्तदानको फाइदा**

– रक्तदान गर्नुको फाइदाक्यालोरी घटाउँछ एक पटकको रक्तदानबाट मात्रै पनि लगभग ६ सय ५० किलो क्यालोरी नष्ट हुन्छ। यसले वजन नियन्त्रणमा ठूलो मदत गर्छ। हरेक तीन महिनामा रक्तदान गर्दा मानिस स्वस्थ रहन्छन्। तर त्यसका लागि पहिले हेल्थ चेकअप, ब्लडमा हेमोग्लोबिनको मात्रा र आइरनको मात्रा चेक गर्नु जरुरी छ। तीन महिनाको अन्तराल अघि रक्तदान गर्नु राम्रो हुँदैन।




– मुटुको समस्याबाट टाढा राख्छ हरेक तीन महिनामा रक्तदान गर्नाले शरीरमा रहेको आइरनको मात्रा नियन्त्रण गर्न सघाउ गर्छ। खासगरी पुरुष जसमा मुटुरोगको सम्भावना केही कम रहन्छ। शरीरको सञ्चालनका लागि आइरनको महत्वपूर्ण भूमिका रहन्छ तर यसको परिणाम धेरै हुँदा अक्सिडेटिब ड्यामेज हुनसक्छ। जसका कारण एजिङ, हृदयघात र स्टोकको समस्या देखिन्छ।

– क्यान्सरबाट जोगाउँछ शरीरमा आइरनको मात्रा धेरै हुनु क्यान्सरजस्तो बिरामीको कारण हुनसक्छ। यस्ता समस्याबाट बच्न समय समयमा रक्तदान जरुरी छ। अनुसन्धानले पनि यो कुरालाई मानेको छ कि रक्तदानले क्यान्सरको सम्भावनालाई शतप्रतिशतसम्म कम गर्छ।

– स्वास्थका लागि जरुरी रक्तदानपछि शरीरमा नयाँ रगत बन्छ। यसले स्वास्थसँग जोडिएका थुप्रै समस्याहरुबाट टाढा राख्छ। रक्तदानले काँर्डियोवैस्कुलर स्वास्थको पनि नियन्त्रण गर्छ। रक्तदानका दौरान ब्लड प्रेसर, शरीरको तापक्रम, हेमोग्लोबिनजस्ता चेकअप गरिन्छ जसले शरीरको उतारचढावका बारेमा पनि जानकारी दिन्छन् र लामो समयसम्म स्वस्थ रहन सकिन्छ।

– आत्मसन्तुष्टि रक्तदानपछि आफैँमा एक आत्मसन्तुष्टि विकास हुन्छ। आफैँलाई एउटा राम्रो काम गरेको अनुभव हुन्छ। कसैको जिन्दगी बचाउनु राम्रो काम हो। बिरामीको जरुरत हेरेर रगतलाई थुप्रै हिस्सामा बाँडिन्छ। साना बच्चाका लागि थुप्रै पटक रगतको जरुरी हुन्छ। त्यसैले आफ्नो खुसीसँगै अरुलाई समेत खुसी राख्न रक्तदान गर्नुहोस्।

अन्त्यमा देशमा शिक्षित व्यक्तिको संख्या वृद्धि भए पनि अझै रक्तदानको ज्ञान बारे पर्याप्त जानकारी छैन। रक्तदान गर्दा कमजोर भइन्छ भन्ने भ्रम हटाऔँ। रक्तदान गर्नुपूर्व विभिन्न विद्यालय तथा विश्वविद्यालय, स्वास्थ्य संस्था आदिबाट रक्तदानसम्बन्धी जानकारी लिन सकिन्छ। रक्तदान महादान हो। हामीले शरीरमा भएको रक्तदान नगरे पनि तीन महिनामा त्यो रगत त्यतिकै खेर जान्छ। खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने? रक्तदान गरेजस्तो पुण्यको काम अरु केही हुँदैन। हामीले रक्तदान नगरे आवश्यक व्यक्तिले कसरी रगत पाउँछन्? कुनै बेला आफैलाई रगत चाहिँदा कसले दिन्छ? त्यसैले रक्तदान गरौं।



# एनपिएल क्रिकेटः कोशेढुङ्गा बन्ने अपेक्षा



राजु सिलवाल

"नेपाल अहिले क्रिकेटमय बनेको छ । विश्व मानचित्रमा क्रिकेट खेलतर्फ आफ्नो पहिचान बनाइसकेको नेपालले विश्वकै क्रिकेटप्रेमी दर्शकहरुको ध्यान आकर्षित गरिरहेको छ । नेपाली तथा विभिन्न मुलुकका ख्याति प्राप्त क्रिकेट खेलाडीहरु बहुप्रतिक्षित नेपाल प्रिमियर लिग एनपिएलको पहिलो संस्करणमा प्रतिस्पर्धा गर्न काठमाडौँमा भेला भएका छन् । यही मङ्सिर १५ गते शनिबारदेखि आगामी पुस ६ गतेसम्म काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा यो प्रतियोगिता सञ्चालन हुँदैछ । नेपाल क्रिकेट सङ्घले आयोजना गर्न लागेको घरेलु प्रतियोगितामध्ये एनपिएल सबैभन्दा ठूलो प्रतियोगिता मानिएको छ । नेपालमा व्यावसायिक क्रिकेटको विकास गर्ने लक्ष्यका साथ टि ट्वान्टी फरम्याटमा खेलाइने एनपिएलको नतिजा आफ्नो पक्षमा ल्याउन विभिन्न टिमबीच रोमान्चकारी प्रतिस्पर्धा हुनेछ ।"

### निजी क्षेत्रको सक्रियता

एनपिएल क्रिकेट प्रतियोगितामा मुलुकका व्यापारिक क्षेत्रको सक्रिय सहभागिता रहेको छ । विराटनगर किंग्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौँ गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स जस्ता आठ वटा टिममा व्यापारिक समूह जोडिएका छन् । विभिन्न टिम किन्नका लागि उद्योगपति तथा व्यापारीहरुले करोडौं रुपैंयाँ लगानी गरेका छन् । अन्य निजी सङ्घसंस्था तथा कम्पनीहरु पनि क्रिकेट टिमहरुसँग आबद्ध भएका छन् । क्रिकेटमा लगानी गर्दैमा तत्काल नाफा हुन सक्ने क्षेत्र होइन । स्वदेशी तथा विदेशी खेलाडीहरुको महङ्गो पारिश्रमिक, सिमित प्रायोजन, क्रिकेट मैदानको भौतिक अवस्था तथा दर्शक क्षमता, टिकट दर आदि कारणले नेपालमा क्रिकेटमा लगानी गरेर तत्काल प्रतिफल उठन सक्ने अवस्था छैन । तापनि निरन्तर यथोचित लगानी गर्न सकेमा केही वर्षमा सन्तोषजनक अवस्था आउन सक्नेछ । नेपालका निजी क्षेत्रको सक्रिय सहभागिता रहेको फेन्चाइज लिगको अभ्यास नेपालमा कुनै नौलो होइन । यसअघि एभरेष्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग र पोखरा प्रिमियर लिगजस्ता तीनवटा फ्रेन्चाइज लिग आयोजना भैसकेका छन् । तर यसपालि विभिन्न टिममा लगानी गर्न धेरै व्यापारिक घराना तथा अन्य निजी क्षेत्रले देखाएको उत्साह उल्लेखनीय रहेको छ । विभिन्न १६ वटा फ्रेन्चाइजहरुले लगानी गर्न इच्छा देखाएकामा आठ वटा समूहले टिमहरुमा लगानी गर्ने अवसर पाएका छन् । टिममा लगानी गर्न इच्छुकहरुको बढदो सङ्ख्याका कारण आगामी वर्षहरुमा प्रतियोगितालाई निरन्तरता दिइदै जाने सम्भावना बढेको छ । यसैगरी निजी क्षेत्रका तर्फबाट घोषणा गरिएको खेलाडीको पारिश्रमिक तथा बिजेताले पाउने पुरस्कारले पनि खेलाडीहरुलाई प्रोत्साहित गर्न सक्ने देखिएको छ । व्यापारिक घराना शारडा समूहले प्रतियोगितामा प्लेयर अफ दि सिरिज घोषणा हुने नेपाली खेलाडीलाई कार पुरस्कार प्रदान गर्ने भएको छ ।




### खेलेरै २० लाख

नेपाली क्रिकेट क्षेत्रलाई व्यावसायिकताका तर्फ उन्मुख गराउन एनपिएल क्रिकेटले प्रयत्न गरेको छ । खेलाडीहरुलाई एउटा प्रतियोगिता खेलेको लाखौं रुपैयाँ पारिश्रमिक प्रदान गरिने व्यवस्था गर्नु सानो प्रयत्न होइन । मुलुकका सबै प्रदेशको प्रतिनिधित्व गरेका आठवटा टिममा नेपालका महत्वपूर्ण राष्ट्रिय खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा समावेस गरी प्रत्येकलाई २० लाख रुपैयाँ पारिश्रमिक दिइने भएको छ । गोला प्रथाद्वारा छानिएका ती खेलाडीहरुमा विराटनगरमा सन्दीप लामिछाने, जनकपुरमा आसिफ शेख, चितवनमा कुशल मल्ल, काठमाडौँमा करण केसी, पोखरामा कुशल भुर्तेल, लुम्बिनीमा रोहित पौडेल, कर्णालीमा सोमपाल कामी र सुदूरपश्चिममा दीपेन्द्रसिंह ऐरी छन् । उनीहरुले एकै प्रतियोगिता खेलेर घोषित पारिश्रमिक पाउने छन । यसैगरी राष्ट्रिय टिमका अन्य खेलाडीहरुलाई पनि अक्सनमार्फत विभिन्न टिममा छनोट गरिएको छ ।

यसरी अक्सन गरिदा एउटा टिमलाई १० खेलाडी खरिद गर्ने अवसर दिइएको थियो । समूह ए मा परेका खेलाडीलाई १० देखि १५ लाख, समूह बी मा परेकालाई पाँचदेखि १० लाख तथा समूह सी मा छानिएकालाई दुई लाखदेखि पाँच लाख रुपैयाँ दिइने भएको छ । नेपालको सन्दर्भमा यस्तो पारिश्रमिक आकर्षक मानिएको छ । क्रिकेट खेलाडीहरुले आफ्नै गृह मैदानमा खेलेर लाखौं रुपैयाँ पारिश्रमिक पाउनु राम्रो कमाइ हो ।

### नयाँलाई अवसर

एनपिएल क्रिकेटकै सिलसिलामा खुल्ला प्रतिस्पर्धाको आधारमा पनि खेलाडीहरु छानिएका छन् । यसबाट ती खेलाडीहरुलाई आगामी दिनमा राष्ट्रिय टिमका साथै अन्य टिममा प्रवेश गर्ने ढोका खुल्न सक्ने सम्भावना देखिएको छ । त्यस्ता युवा खेलाडीले टिममा समावेश हुने मौका पाउनु उनीहरुको खेल जीवनकै महत्वपूर्ण उपलब्धि हो । नेपालकै राष्ट्रिय खेलाडीहरुका साथै विभिन्न मुलुकका क्रिकेट स्टारहरुसँग खेल्नाले उनीहरुले उल्लेखनीय शिक्षा प्राप्त गर्न सक्छन् । हाल विभिन्न खेलका खेलाडीहरु विदेश पलायन भैरहेको अवस्थामा युवा खेलाडीहरुले आफ्नै गृह मैदानमा एनपिएल खेल्न पाउने अवसर उनीहरुको भविश्यसँग पनि गाँसिएको छ । एनपिएल खेल प्रतियोगिता मात्र नभई देशमै खेलकुद संस्कार बसाउने प्रतियोगिताका रुपमा लिइएको धारणा नेपाल क्रिकेट सङ्घका सचिव पारस खडकाले स्पष्ट पारेका छन् ।




### विश्व चर्चित खेलाडीको सहभागिता

एनपिएल क्रिकेट नेपाली खेलाडीहरुका लागि अन्तर्राष्ट्रिय खेलाडीहरुसँग कौशल सिक्ने महत्वपूर्ण अवसर पनि हो । विभिन्न मुलुकका क्रिकेट स्टारहरुले नेपाली टिमबाट खेल्दैछन् । भारतका बहुचर्चित क्रिकेटर शिखर धवन, इङ्गल्याण्डका टम मुर्स, क्यानडाका साद विन जाफर, न्युजिल्याण्डका स्कट कुगेलेइन,वेष्ट इण्डिजका रेमन रेइफर जस्ता विश्व चर्चित खेलाडीहरुले नेपाली खेलाडीहरु साथ सहकार्य गर्दैछन् । एउटा टिमले छ जनासम्म विदेशी खेलाडी अनुबन्ध गर्न पाउने आयोजकको नियम रहेको छ । तर उनीहरुलाई टिमका तर्फबाट दिनु पर्ने पारिश्रमिक खुलाइएको छैन । अझ उल्लेखनीय पक्ष त विभिन्न अन्तर्राष्ट्रिय प्रशिक्षकले नेपालको प्रदेशको टिमको प्रशिक्षक तथा मेण्टरको रुपमा टिमलाई उपाधि दिलाउन सक्रिय भूमिका निभाउँदै छन् ।

### पहिलो पटक डिजिटल बोर्ड

एनपिएलका लागि कीर्तिपुरस्थित क्रिकेट मैदानमा आवश्यक मर्मतसम्भार गरिएको छ । त्यहाँ पहिलो पटक डिजिटल बोर्डको जडान गरिएको छ । यस्तै खेल मैदानको पिचको स्तरमा सुधार गर्नुका साथै मैदानको बाउन्ड्री बढाइएको छ । क्रिकेट हेर्न जाने दर्शकहरुका लागि प्याराफिटमा चारवटा क्षेत्र बनाइएका छन् । कीर्तिपुर रङ्गशालामा एनपिएल हेर्न हजारौं दर्शकहरु उपस्थित हुने निश्चित छ । नेपालमा क्रिकेट प्रेमीहरुको संख्या उल्लेखनिय रहेको छ। अमेरिकामा विश्वकप क्रिकेटको बेला समेत नेपाली दर्शकहरु धेरै संख्यामा उपस्थित थिए । कीर्तिपुरमा बिगतमा क्रिकेट हुँदा रुखमा झुण्डिएर समेत खेल हेर्ने गरेका क्रिकेटप्रेमी दर्शकहरुका लागि यसपाली खेल हेर्न यसपाली बस्ने सुविधासहितको प्याराफिट निर्माण गरिएको छ । तर त्यहाँ फ्लड लाइट जडान गर्ने कार्य भने सकिएको छैन । यदि फ्लड लाइट जडान भएको भए राति पनि खेल संचालनका लागि सहज हुने थियो ।

### विश्वव्यापी पहुँच

एनपिएल क्रिकेटको पहुँच विश्वव्यापी रुपमा हुँदैछ । टेलिभिजनको प्रत्यक्ष प्रसारणका साथै अन्तर्राष्ट्रिय खेलाडीहरुको सहभागिताका कारण विश्वकै क्रिकेटप्रेमीहरुको ध्यान नेपालतर्फ आकर्षित हुने भएको हो । अन्तर्राष्ट्रिय खेलकुद टेलिभिजन च्यानल स्टार स्पोर्टसमार्फत विश्वका विभिन्न मुलुकका क्रिकेटप्रेमीहरुले एनपिएलको प्रत्यक्ष प्रसारण हेर्ने अवसर पाउने भएका छन् । विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय क्रिकेट म्याचमा प्रत्यक्ष प्रसारण गरिसकेका कमेण्टेटरहरुको सहभागिता रहेको यसप्रकारको अन्तराष्ट्रिय प्रसारणबाट विश्वमा नेपालको प्रचारप्रसार हुन गई आगामी दिनमा पर्यटकहरुको वृद्धि हुन जाने अपेक्षा गरिएको छ । अन्तर्राष्ट्रिय ख्यातीप्राप्त क्रिकेट खेलाडीहरुको नेपाल आगमनका साथै अन्य गतिविधिको निरन्तर समाचार प्रचारप्रसारले पनि पनि विश्वको ध्यान आकर्षित गरेको छ ।

### म्याच फिक्सिङतर्फ सतर्कता

एनपिएलमा म्याच फिक्सिङ रोक्न विशेष सतर्कता अपनाइएको छ । प्रतियोगितामा सहभागी आठवटै टिममा सुरक्षा अधिकारी पनि समावेस गरिएको छ । नेपाल क्रिकेट सङ्घले प्रतियोगिताका गतिविधिहरु पारदर्शी रुपमा सञ्चालन गर्न विशेष तयारी गरिएको जनाएको छ । राष्ट्रिय खेलकुद परिषदअन्तर्गत एक सयभन्दा बढी खेल सङ्घ भएको तथा कयौं सङ्घ गतिविधिहीन अवस्थामा रहेको तथा खेल गतिविधि सञ्चालनका लागि सरकारी साधन श्रोतमै निर्भर भैरहेको बेलामा नेपाल क्रिकेट सङ्घले निजी क्षेत्रलाई व्यापक रुपमा जुटाएर एनपिएल क्रिकेट आयोजना गर्नु प्रशंसनीय कार्य मान्न सकिन्छ । अन्य खेल सङ्घले पनि निजी क्षेत्रलाई जुटाएर प्रतियोगिता गर्न प्रयास गर्नु पर्दछ । तर एनपिएल क्रिकेटजस्ता प्रतियोगिता पारदर्शी रुपमा सञ्चालन गर्नु अति आवश्यक मानिएको छ । कुनै मिलोमतोमा म्याचको नतिजा नआओस् । आगामी दिनमा एनपिएललाई निरन्तरता दिन सकिने वातावरण संरचना सिर्जना गरी घरेलु क्रिकेटलाई मजबुत बनाउँदै लैजान सक्नुपर्छ । यसका लागि क्रिकेट एकेडेमीको स्थापनातर्फ जोड दिइनु पर्छ । यस्त, एनपिएललाई राजधानीमुखी मात्र नबनाएर आगामी संस्करण चितवन, पोखरा, भैरहवालगायतका क्रिकेट रङ्गशालामा पनि विस्तार गर्दै लैजान जरुरी मानिएको छ । यस्ता प्रतियोगिताबाट नेपाली खेलाडीहरु पनि खेलेर बाच्न सक्ने अवस्था बनाउन सहयोग पुग्ने भएकाले नेपाल प्रिमियर लिग क्रिकेट एनपिएल नेपाली क्रिकेट जगतका लागि कोशेढुङ्गा बन्नसक्ने अपेक्षा गरिएको छ । रासस

# ‘एनपिएल’को उत्साहपूर्वक प्रतीक्षा, विश्वका खेलाडी नेपालमा

स्टार्टअप व्यवसायमा सक्रिय युवा निशान सापकोटा नेपाल प्रिमियर लिग (एनपिएल) पोखरा एभेन्जर्सले जितोस् भन्ने चाहन्छन् । एकातिर आफ्ना प्रिय खेलाडी कुशल भुर्तेलको कप्तानी, अर्कातिर आफ्नै भूगोलसँग जोडिएको टिम । पहिलोपटक हुन लागेको एनपिएललाई लिएर बागलुङका उनी उत्साहित छन् । ‘शनिबार हुने उद्घाटन खेलको टिकट लिइसकेको छु, सबै खेल नछुटाइ हेर्ने योजनामा छु’, उनले भने, ‘मनपर्ने खेलाडीको टिम रहेकाले पोखरा एभेन्जर्स मेरा लागि प्रतियोगिताभर विशेष रहनेछ ।’

सापकोटाझैँ हरेक क्रिकेटप्रेमीको ध्यान यतिखेर एनपिएलतिर छ । देशभित्र मात्र नभएर विदेशमा रहेका क्रिकेटप्रेमी पनि नेपाली क्रिकेटको यो महाकूम्भलाई व्यवग्रतापूर्वक प्रतीक्षा गरिरहेका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) आफैँले आयोजना गरेको पहिलो संस्करणको यस प्रतियोगिता सशक्त टिम र विश्व क्रिकेटका चर्चित खेलाडीको सहभागिताका कारण पनि बढी चर्चामा छ । क्रिकेट टिममा भइरहेको लगानी र आकर्षणले पनि नेपाली क्रिकेटप्रति सार्वजनिक चासो बढ्दो छ ।




काठमाडौँको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार एनिपिएलको भव्य शुभारम्भ हुनेछ । उद्घाटन खेल बिराटनगर किङ्स र जनकपुर बोल्टबीच हुने जनाइएको छ । आगामी पुस ६ गतेसम्म सञ्चालन हुने यस प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको क्यानका प्रवक्ता छुम्बी लामाले बताए । ‘नेपाली क्रिकेटका लागि एनपिएल आयोजना हुनु ठूलो उपलब्धि हो, देशविदेशका नेपाली र विदेशी क्रिकेटप्रेमीहरूले समेत यो प्रतियोगितालाई चासोपूर्वक लिनुभएको छ’, उनले भने, ‘क्रिकेटप्रति नेपालीहरूले देखाएको उत्साह र समर्पणले क्यानलाई पनि ऊर्जा थपिएको छ ।’

क्रिकेटप्रेमीहरूको उत्साहलाई निरन्तरता दिन र नेपाली क्रिकेटको विकासका लागि क्यानले अझ धेरै काम गर्न बाँकी रहेको उनले बताए । टिमका विदेशी खेलाडी, म्याच कमेन्टेटरहरू अधिकांश नेपालका रहेको प्रवक्ता लामाले जानकारी दिए । टिमहरूको अभ्यासलगायतका कामसमेत अन्तिम चरणमा पुगेको उनको भनाइ छ ।

घरेलु क्रिकेटको सबैभन्दा ठूलो प्रतियोगिता एनपिएलमा आठ फ्रेञ्चाइज टिम विराटनगर किङ्स, जनकपुर बोल्ट, चितवन राइनोज, काठमाडौँ गुर्खाज, पोखरा एभेन्जर्स, कर्णाली याक्स, लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा विश्वकपसहितका उच्चस्तरीय प्रतियोगिता खेलेका चर्चित स्वदेशी तथा विदेशी खेलाडी विभिन्न टिमबाट मैदानमा उत्रदैँछन् । हरेक टिममा न्यूनतम चारदेखि अधिकतम छ जनासम्म विदेशी खेलाडी रहने जनाइएको छ । एनपिएल गर्भनिङ काउन्सिलले गरेको उक्त निर्णयानुसार कतिपय टोलीका विदेशी खेलाडी नेपाल आइपुगेका छन् भने कति आउने चरणमा रहेको क्यानले जनाएको छ । स्वदेश तथा विदेशका चर्चित खेलाडीको खेल कौशल हेर्न त्रिवि क्रिकेट मैदानमा दर्शकको बाक्लो उपस्थिति रहने निश्चित छ । फ्रेञ्चाइज टिम पोखरा एभेन्जर्सका अध्यक्ष सुवोध त्रिपाठीले नेपाल प्रिमियर लिगले नेपाली क्रिकेटको भविष्यको बाटो कोरेको बताए ।







उनले युवा खेलाडी उत्पादन गर्दै व्यावसायिक क्रिकेटलाई अघि बढाउन एनपिएलले महत्त्वपूर्ण योगदान पुग्ने उल्लेख गरे । आफूहरूले व्यावसायिक क्रिकेटको विकास गर्दै क्रिकेटलाई उद्योगका रूपमा विकास गर्न लगानी गरेको अध्यक्ष त्रिपाठीले बताए । चार विदेशी खेलाडी टोलीले अनुबन्ध गरेको र एनपिएलका लागि आफ्नो टोलीले १० करोड रुपैयाँ लगानी गर्ने त्रिपाठीले जानकारी दिए ।

उनले भने, ‘हामी व्यावसायिक क्रिकेट खेलको विकास होस् भन्ने चाहन्छौँ, नाफा वा घाटाको विषय होइन यो, कुनै पनि व्यवसाय वा उद्योग स्थापित हुन समय लाग्छ, हामी क्रिकेट विकासका लागि आएका हौँ, त्यस मार्गमा अग्रसर हुन चाहन्छौँ ।’

### जनकपुर बोल्ट्स

जनकपुर बोल्ट्समा आसिफ शेख मार्की खेलाडी तथा ललित राजवंशी, अनिलकुमार साह, रूपेश सिंह, किशोर महतो, आकाश त्रिपाठी, शुभ कङ्साकर, शेर मल्ल, हेमन्त धामी, अरनिकोप्रसाद यादव, तुलबहादुर थापामगर, जिमी निशम (न्युजिल्याण्ड), जोशुआ ट्रम्प (अमेरिका), शोएब मक्सुद (पाकिस्तान), मोहमद मोहसिन (पाकिस्तान), लाहिरू मिलन्था (अमेरिका) र प्रशिक्षक पुबुदु दासानायके रहेका छन् ।

### विराटनगर किङ्ग्स

विराटनगर किङ्ग्समा सन्दीप लामिछानेको कप्तानी रहेको छ । विराटनगरमा लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, राजेश पुलामीमगर, जितेन्द्रकुमार मुखिया, अनिल खरेल, दीपक बोहरा, सुभाष भण्डारी, नरेन भट्ट, मृनाल गुरूङ, अकिब इल्यास (ओमान), मार्टिन गप्टिल (न्युजिल्याण्ड), निकोलास किर्टन (क्यानडा), क्रिस सोल (स्कटल्याण्ड), इस्मल आलम (अफगानिस्तान) रहेका छन्भने प्रशिक्षक केभिन ओ ब्राइन रहेका छन् ।




### लुम्बिनी लायन्स

लुम्बिनी लायन्समा नेपालका कप्तान रोहितकुमार पौडेल मार्की खेलाडी रहेका छन् । उनका साथै सूर्य तामाङ, विवेक यादव, सन्दीप जोरा, आशुतोष घिरैया, तिलकराज भण्डारी, दुर्गेश गुप्ता, अर्जुन साउद, दिनेश अधिकारी, अभिषेश गौतम, विकाश अग्री, बेन कटिङ (अष्ट्रेलिया), उन्मुक्त चन्द (अमेरिका), टम मूर्स (इङ्ल्याण्ड), रेमन सिमन्ड्स (वेस्टइन्डिज), शादबिन जफर (क्यानडा), आरिफ शान (आइकोनिक) छन् । प्रशिक्षक नन्दन फाडनिस रहेका छन् ।

### चितवन राइनोज

चितवन राइनोजमा कुशल मल्ल मार्की खेलाडी रहेका छन् । रिजन ढकाल, कमलसिंह ऐरी, शरद भेषावकर, विपिन रावल, सन्तोष कार्की, दिपेश श्रेष्ठ, अमरसिंह रटैला, दीपक बोहरा, रञ्जीतकुमार, गौतम केसी, रवि बोपारा (इङ्ल्याण्ड), मार्चन्ड डे लांग (दक्षिण अफ्रिका), (चोटले अनुपस्थित हुने) हसन इसाखिल (अफगानिस्तान), जान निकोल लोफ्टी इटन (नामिबिया), ल्यूक मार्टिन बेनकेन्स्टाईन (इङ्ल्याण्ड), सोहेल तनवीर (पाकिस्तान), सलाहुद्दिन खान (आइकोनिक) खेलाडी तथा उमेश पटवाल प्रशिक्षक रहेका छन् ।

### काठमाडौँ गुर्खाज

करण केसीको कप्तानीमा रहेको टिम काठमाडौँ गुर्खाजमा शाहब आलम, भीम सार्की, रसिद खान, शङ्कर राना, दिपेशप्रसाद कँडेल, सुमित महर्जन, कृष्ण कार्की, विवेक केसी, प्रतीक श्रेष्ठ, राजु रिजाल, नेथन सोउटर (इङ्ल्याण्ड), स्टेफन इस्किनाजी (इङ्ल्याण्ड), ड्यान डौथवेट (इङ्ल्याण्ड), माइकल लेभिट (नेदरल्याण्ड्स), जेहार्ड एरासमस (नामिबिया), कृष कार्की (आइकोनिक) रहेका छन् । वसन्त शाही काठमाडौँको प्रशिक्षक छन् ।

### पोखरा एभेन्जर्स

पोखरा एभेन्जर्समा कुशल भुर्तेलको कप्तानी रहनेछ । उक्त टिममा सागर ढकाल, आकाश चन्द, किरणकुमार ठगुन्ना, नारायण जोशी, विपिन खत्री, दिलीप नाथ, त्रित राज दास, सुनाम गौतम, दिनेश खरेल, अमृत गुरूङ, आन्द्रेस गौस (अमेरिका), बास डे लिडे (नेदरल्याण्ड्स), म्याट क्रिचली (इङ्ल्याण्ड), रेमन राइफर (वेस्टइन्डिज), माइकल लिस्क (स्कटल्याण्ड), सुदीप आर्याल (आइकोनिक) खेलाडी रहनेछन् । पोखरा एभेन्जर्सले राजीव कुमारलाई प्रशिक्षक बनाएको छ ।

### सुदूरपश्चिम रोयल्स

दीपेन्द्रसिंह ऐरीको कप्तानी रहेको सुदूरपश्चिम रोयल्समा आरिफ शेख, अभिनाष बोहरा, विनोद भण्डारी, इशान पाण्डे, अर्जुन कुमाल, खडकबहादुर बोहरा, नरेश बुढायर, भोजराज भट्ट, अमित श्रेष्ठ, नरेन साउद, ब्राન्डन मक्मलेन (स्कटल्याण्ड), सेफ अलि जेब (इङ्ल्याण्ड), स्कट कुगेलेइन (न्युजिल्याण्ड), रोहन मुस्तफा (युएई), वसन्त खत्री (आइकोनिक) खेलाडी रहेका छन् ।

### कर्णाली याक्स

कर्णाली याक्समा सोमपाल कामी मार्की खेलाडी रहेका छन् । गुलशनकुमार झा, नन्दन यादव, मौसम ढकाल, अर्जुन घर्ती, देव खनाल, रित गौतम, भुवन कार्की, दीपेन्द्र रावत, दीपक डुम्रे, युनिसविक्रमसिंह ठकुरी, शिखर धवन (भारत), हुनेस तलात (पाकिस्तान), बाबर हायत (हङकङ), चाडविक वाल्टन (वेस्टइन्डिज), जीशान मक्सुद (ओमान), विपिन शर्मा (आइकोनिक) तथा ज्ञानेन्द्र मल्ल प्रशिक्षक रहेका छन् । रासस

# कोप–२९ को सहमतिः
# कार्बन बजार सुनिश्चितता कति सम्भव ?

प्रगति ढकाल

*बाकुको अजरबैजानमा यही साता सकिएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ शिखर सम्मेलन (कोप–२९)मा कार्बन व्यापारसम्बन्धी विषयको छलफलमा धेरै वर्षपछि भएको सहमतिले अब कार्बन व्यापारको बजार सुश्चित गराउन सक्ला भन्ने प्रश्न उठेको छ । विगतका कोपहरूमा भएका सहमति कार्यान्वयन गर्न धनी तथा विकसित मुलुकले आनाकानी गरिरहेका बेलामा कोप–२९ मा भएको कार्बन व्यापारसम्बन्धी सहमति पनि कार्यन्वयन नहुने हो कि भन्ने आशंका रहेको हो ।*

*बाकुमा सम्पन्न २९औँ कोपमा कार्बन व्यापारसम्बन्धी विषयको छलफलमा धेरै वर्षपछि भएको सहमतिप्रति नेपाल भने उत्साहित देखिएको छ । उक्त सहमतिले बजारमा आधारित कार्बन व्यापार र द्विपक्षीय सहमतिमा गरिने कार्बन व्यापारलाई अघि बढाउने बाटो खुलेको भन्दै कोपमा उपस्थित भएका नेपाल प्रतिनिधिहरूले सकारात्मक टिप्पणी गरेका छन् ।*

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले नेपाल कार्बन व्यापारमा जाने अन्तिम तयारीमा रहेका बेला कोपमा भएको सहमतिले कार्बन बजार सुनिश्चित हुने भन्दै यसलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिएका छन् । 'जलवायु वित्त एक दशमलव तीन ट्रिलियन अमेरिकी डलर पु¥याउनुपर्छ भन्ने हाम्रो माग रहेकामा अहिले तीन सय विलियन अमेरिकी डलर मात्र बढाउन सहमति भएको छ, तर कोपको दस्तावेजमा राखिएकाले आगामी दिनमा हामी निर्णयमा पार्न दबाब दिइरहने छौँ, यीलगायत कतिपय हाम्रा एजेण्डामा सहमति जुट्न सकेन', उनले भने, 'तर कार्बन व्यापारसम्बन्धी हाम्रो एजेण्डामा सहमति जुट्नु निकै ठूलो उपलब्धि रह्यो ।'

मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले नेपाल कार्बन व्यापारमा जाने तयारी गरे पनि कार्बनको बजार अनिश्चित रहेका बेलामा कोपमा भएको सहमतिले कार्बनको बजार सुनिश्चित हुने बताए । 'हामी कार्बन व्यापारमा जाने त तयारी गरिरहेका छौँ, कार्बन खरिदबिक्रीका सहमति पनि भयो । तर अर्को पक्षले कार्बन किन्छु भनेर किनेन भने त हाम्रो बजार सुनिश्चित भएन नि', उनले भने, 'कोप–२९ को कार्बन व्यापारसम्बन्धी सम्झौताले अब पेरिस सम्झौतामा टेकेर अगाडि बढ्न पाइन्छ, यी नेपालको हितमा गरिएको महत्त्वपूर्ण निर्णय हो ।'

ढुङ्गानाले कोप–२९ मा नेपालले स्वीडेनसँग कार्बन व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको बताए । 'कोपमा भएको स्झौताले नेपालले कार्बन उत्सर्जन कटौती गरेर कार्बन सञ्चिती बढाएबापत स्वीडेनले कार्बन खरिद गर्ने भन्ने सम्झौता भएको छ', उनले भने, 'उक्त सम्झौतमा ऊर्जा क्षेत्रमा कार्बन उत्सर्जन कटौती गर्न डिजेल–पेट्रोलको खपत घटाउने, खाना पकाउने इन्धनको रूपमा बढी प्रयोग हुने दाउरा घटाउने र विभिन्न उद्योगमा प्रयोग गरिने कोइलाको प्रयोग कम गर्ने तथा विद्युतीय सवारीको प्रवर्द्धनमार्फत वायुमण्डीलय सतहमा बढ्दै गइरहेको कार्बनडाइअक्साइडको दर कम गरी कार्बन न्यूनीकरण गरेबापत अब स्वीडेनसँग पैसा लिन सकिन्छ ।' नेपालले यसअघि विश्व बैंकसँग कार्बन खरिद सम्झौता गरिसकेको छ ।

रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले पनि नेपाल कार्बन व्यापारमा जान पूर्वतयारीसहित अगाडि बढेको सन्दर्भमा कोपमा पेरिस सम्झौताको धारा ६ मा भएका व्यवस्था कार्यान्वयन गरिने सहमतिले कार्बनको बजार सुनिश्चित हुने विश्वास व्यक्त गरे । 'कम कार्बन उत्सर्जनलाई उत्कृष्ट वनवित्त भनेर एउटा 'लिफ कोलिजन' संयन्त्र पनि बनेको छ । यस कोलिजनअन्तर्गत अमेरिका, बेलायत, नर्वे, साउथ कोरिया र २६ वटा प्राइभेट सङ्घसंस्था रहेका छन् । यसमा युनिरेभर, नेस्ले, बर्बेली, डैलटाजस्ता ठूला कम्पनीको कोलिजन बनेका छन् । यिनीहरूले इमरजेन्ट भन्ने नाफारहित संस्था बनाएका छन्', उनले भने, 'त्यो संस्थासँग नेपाल सरकार र अर्थ मन्त्रालयबीच सन् २०२१ मा भएको आशयपत्र (एलओआई) अनुसार नेपालको तीनवटा प्रदेश गण्डकी, बागमती र लुम्बिनीको ३० मिलियन टन कार्बन उनीहरूलाई बेच्ने भन्ने सहमति भएको छ । अबचाहिँ सम्झौता गर्ने तयारीमा छौँ ।'

## निर्णय कार्यान्वयन हुँदा नेपालका लागि फाइदा

जलवायुविद् राजु पण्डित क्षेत्रीले कोप–२९ मा कार्बन व्यापारसम्बन्धी भएको निर्णय कार्यान्वयन भएमा कार्बन सञ्चितीबाट प्राप्ति गर्ने भुक्तानी सुनिश्चित हुने तथा कार्बन न्यूनीकरणका लागि थप प्रोत्साहन मिल्ने र नेपालका लागि फाइदा हुने दाबी गरे । 'पेरिस सम्झौताको धारा ६ कार्बन न्यूनीकरण गर्ने प्रक्रिया हो । विकसित देशले कार्बन उत्सर्जन घटाउनुपर्ने दायित्व रहेको र कम विकसित मुलुकले कार्बन उत्सर्जन कटौती गरेबापत विकसित मुलुकलाई दिने आर्थिक प्रोत्साहन नै कार्बन व्यापार हो', उनले भने, 'कार्बन व्यापारको बजार सुनिश्चित हुनसके नेपालजस्ता कम विकसित मुलुकले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लक्ष्य कार्यान्वयन गर्न सहज हुनेछ ।' क्षेत्रीले कोपमा निर्णय हुनेबित्तिकै रकम आइहाल्ने व्यवस्था नभएकाले कार्बन व्यापारबाट बढीभन्दा बढी फाइदा लिन अब हामीले घरभित्र नै तयारी थाल्नुपर्नेमा जोड दिए । 'नेपालले विश्व बैंकसँग कार्बन खरिद सम्झौता गरेको छ, सही क्षेत्रको कार्बन दोहो¥याएर अर्को पक्षलाई बिक्री गर्न मिल्दैन । यसबाहेक कार्बन व्यापारका क्षेत्रहरूको राम्रोसँग पहिचान गर्न जरूरी छ । जस्तै नविकरणीय ऊर्जाका क्षेत्र, वनजङ्गलबाट सञ्चिती हुने कार्बनलगायत क्षेत्रहरू छन्', उनले भने, 'कुनकुन ठाउँ कार्बन व्यापारको राम्रो सम्भावना रहेको क्षेत्र हो भनेर पहिचान हुनु जरूरी छ ।'







## कार्बन बजारको प्रगति

युएनएफसिसिसीको सचिवालयले पेरिस सम्झौताको धारा ६ मा भएको कार्बन व्यापारसम्बन्धी सहमतिले विश्वबजारमा कार्बनको बजार सुनिश्चिता हुने भन्दै यो निकै उपलब्धिमूलक निर्णय भएको प्रतिक्रिया दिएको छ । सचिवालयका अनुसार पछिल्लो दुई हप्ताको महत्त्वपूर्ण उपलब्धि भनेको कार्बन बजारको प्रगतिमा भएको छलाङ हो । करिब एक दशक लामो प्रयासपश्चात् कोपमा उपस्थित विभिन्न मुलुकले पेरिस सम्झौताअन्तर्गत कार्बन बजार कसरी सञ्चालन हुने भन्ने अन्तिम संरचनामा सहमति जनाएका छन् । यसले देशदेखि–देश व्यापार र कार्बन क्रेडिटिङ संयन्त्र पूर्ण रूपमा सञ्चालनमा ल्याएको छ । कोपपछि युएनएफसिसिसीले आफ्नो आधिकारिक वेबसाइड (युएनएफसिसिसी डट आइएनटी) मार्फत भनेको छ, 'कोप–२९ बाट भएको निर्णयले कार्बन क्रेडिटको व्यापारलाई देशहरूले कसरी स्वीकृति दिने र यसको ट्र्याक राख्न रजिस्ट्रिहरू कसरी सञ्चालन हुने भन्ने विषयमा स्पष्टता दिएको छ । यसले पारदर्शी प्रक्रियामार्फत प्राविधिक समीक्षा गरी वातावरणीय अखण्डता सुनिश्चित गर्ने विश्वास प्रदान गरेको छ ।'

पेरिस सम्झौताकै धारा ६ को (४) मा केन्द्रित कार्बन बजारसम्बन्धी विषयमा पनि कोपमा सहमति जनाइएको छ । कोप–२९ को पहिलो दिन, देशहरूले संयुक्त राष्ट्रसङ्घअन्तर्गत केन्द्रित कार्बन बजारको मापदण्डमा सहमति गरेको थिए । 'यो विकासशील देशका लागि खुसीको खबर हो, यसले नयाँ वित्तीय प्रवाहमा फाइदा पु¥याउनेछ र कम विकसित देशहरू (एलडिसी) लाई यो अझ फाइदाजनक छ, यस बजारमा प्रवेश पाउन आवश्यक क्षमता निर्माण सहयोग प्राप्त गर्नेछन्', युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

## विज्ञान र कार्बन बजार

धारा ६.४ अन्तर्गत संयुक्त राष्ट्रसङ्घीय कार्बन बजारलाई विज्ञानसँग समाहित गर्न निर्देशन दिएको छ । यसले बजारलाई सञ्चालनमा ल्याउने निकायलाई वैज्ञानिक प्रमाणको उपयोग गर्न निर्देशन दिएको हो । 'कार्बन बजारमा गरिएको काम बाकुमा मात्र सीमित हुँदैन । नयाँ कार्बन क्रेडिटिङ संयन्त्र स्थापना गर्ने पर्यवेक्षण निकायले २०२५ को लामो कार्यसूची प्राप्त गरेको छ र यसलाई सदस्य राष्ट्रहरूलाई जवाफदेही बनाइनेछ', युएनएफसिसिसीको सचिवालयले जनाएको छ । यसैगरी पारदर्शी जलवायु रिपोर्टिङमा उल्लेखनीय प्रगति भएको र जलवायु नीतिहरूलाई सशक्त बनाउन बलियो प्रमाण तयार गर्ने विश्वास लिइएको छ । जसले वित्तीय आवश्यकता तथा अवसर पहिचान गर्न सहयोग गर्ने अपेक्षा छ । युएनफसिसिसीका अनुसार हालसम्म १३ पक्षहरूले पहिलो द्विवार्षिक पारदर्शिता रिपोर्ट (बिटीआर) प्रस्तुत गरिसकेका छन् । जुन सबै पक्षहरूले वर्षको अन्त्यसम्म प्रस्तुत गर्नुपर्ने हुन्छ ।

बेलायतको इन्टरनेशनल फरेस्ट युनिटले 'युएनएफसिसिसी' को 'रेडप्लस' कार्यक्रममा चार वर्षका लागि तीन मिलियन बेलायत पाउण्ड स्ट्रलिङको प्रतिबद्धता जनाएको छ । यस सहयोगले वन संरक्षणका गतिविधिलाई बलियो बनाउनेछ र सन् २०३० सम्म वनविनाश रोक्न तथा उल्ट्याउन ग्लोबल स्टकटेकको उद्देश्यसँग मेल खाने पारदर्शिता र कार्यान्वयनलाई प्रवर्द्धन गर्ने विश्वास छ । यसअनुसार राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धीका पक्षधर देशले आफ्नो जलवायु परिवर्तनसँग सम्बन्धित प्रतिबद्धताको मूल्याङ्कन र समीक्षा गर्छन् । यो प्रक्रिया पेरिस समझौताका भागको रूपमा लागू गरिएको हो र प्रत्येक पाँच वर्षमा गरिन्छ ।

## के हो कार्बन व्यापार ?

वायुमण्डलमा कार्बनसाइडलगायत ग्यासको उत्सर्जन बढी हुन गई जलवायु परिवर्तन भएको हो भन्ने तथ्य प्रमाणित भएको छ । राम्रो व्यवस्थापन गर्दा वनजङ्गलले कार्बनडाइअक्साइडलाई सोसेर जलवायु परिवर्तनको प्रक्रियालाई न्यूनीकरण गर्न सहयोग पु¥याउँछ । तर अर्कोतर्फ वनको विनाश र क्षयीकरण भएमा त्यसबाट कार्बनडाइअक्साइड उत्सर्जन भई थप जलावायु परिवर्तन हुन जान्छ । यस पृष्ठभूमिमा वन विनाश र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन, वृक्षरोपण आदि गरी वन क्षेत्रबाट, फोहरमैलाको उचित व्यवस्थापनबाट तथा स्वच्छ ऊर्जा प्रवर्द्धनका गतिविधिबाट हरितगृह उत्सर्जन ग्यास कटौतीमार्फत कार्बन सञ्चिति बढाउने र सोबापत अन्तर्राष्ट्रिय भुक्तानी दाबी गर्ने कार्यक्रम कार्बन व्यापार हो । अर्थात् कार्बन उत्सर्जन कटौती गरेबापत आर्थिक प्रोत्सहनस्वरूप अन्तर्राष्ट्रियस्तरबाट उपलब्ध गराउने भुक्तानी नै कार्बन व्यापार हो ।

## कार्बन खरिदको संयन्त्र

वन कार्बन खरिद बिक्रीका विभिन्न प्रक्रिया छन्, जसलाई बाध्यकारी बजार र ऐच्छिक बजार भनिन्छ । हाल विश्व बैंकअन्तर्गतको कार्बन फण्डमार्फत कार्बन बिक्री गर्ने एवं देशको वनक्षेत्रको कार्बन वा उत्सर्जन आधार तयार गरी संयुक्त राष्ट्रसङ्घीय जलवायु प्रारूप महासन्धिमा पेश हुँदै आएको छ । पछिल्लो समय कार्बन सञ्चिति बढेको भने हरित जलवायु कोषमा रेडप्लसको प्रस्ताव पेश गरी भुक्तानीको दाबी गर्ने र द्विपक्षीय एवं बहुपक्षीय कार्बन व्यापार गर्दैं आएको छ । रासस

# सरकारद्वारा उखुको मूल्य निर्धारण



**मधेशदृष्टि**
**महोत्तरी ।**
सरकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि उखुको मूल्य निर्धारण गरेको छ । सरकारले बिहीबार निर्णय गर्दै गत वर्षको उखुमा प्रतिक्विन्टल २० रुपैयाँ थपेर नयाँ मूल्य निर्धारण गरेको हो । यसअनुसार गत वर्ष कायम मूल्य पाँच सय ६५ रुपैयाँ रहेकामा नयाँ मूल्य प्रतिक्विन्टल पाँच सय ८५ रुपैयाँ पुगेको छ । यसैबीच, आम रूपमा वस्तुमा बढेको मूल्यवृद्धिको अनुपातसम्म नमिलाएर अहिले उखुको मूल्यमा गरिएको मूल्य वृद्धिले किसानमा निराशा बढाएको उखु उत्पादक किसान सङ्घ महोत्तरीले जनाएको छ । मूल्य निर्धारण गरिँदा सरकार, चिनी उत्पादक र उखु किसानका प्रतिनिधिबीच छलफल र सहमति गरिनुपर्नेमा प्रक्रिया नअपनाइएको सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाले बताए । 'पहिलेदेखि उखुको मूल्य निर्धारण गर्दा तीनैपक्ष (सरकार, चिनी उत्पादक र किसानका प्रतिनिधि) हुनपर्ने सैद्धान्तिक सहमति भए पनि यस पटक उखु उत्पादक किसान महासङ्घ र उखु उत्पादक किसान सङ्घका प्रतिनिधिलाई सहभागी गराइएको छैन', कुशवाहाले भने, 'किसानसँग छलफल नगरी गरिएको मूल्य निर्धारण न्यायोचित हुन सकेन ।' आम वस्तुमा भएको मूल्यवृद्धि अनुसार उखु किसानले पनि पाउनुपर्नेमा उनले जोड दिए ।

'नेपाल राष्ट्र बैंकले आम रूपमा १५ प्रतिशत मूल्यवृद्धिको तथ्याङ्क देखाएको छ, उखुमा पनि सोहीअनुसार बढाउनु पर्छ', कुशवाहाले भने । चारदिन पहिले मात्र उखु उत्पादक किसानको छाता सङ्गठन उखु उत्पादक महासङ्घले आयोजना गरेको छलफलमा सरकारलाई यस वर्ष गतवर्षको तुलनामा १५ प्रतिशत मूल्य वृद्धि गरीदिन अनुरोध गरिएको भन्दै सुनुवाइ नभएको उनको भनाइ छ । यसअघि गत वर्ष सरकारले उखुमा ७० रुपैयाँ प्रतिक्विन्टल अनुदान दिएको थियो । यस वर्षको अनुदानबारे अझै निर्णय नभएको महासङ्घका अध्यक्ष कुशवाहाले बताए । उनका अनुसार १५ प्रतिशत मूल्य वृद्धि भएमा उखुको मूल्य छ सय ६९ रुपैयाँ प्रतिक्विन्टल पर्दछ । जिल्लाको गौशाला–१ रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिजमा कहिले उखु क्रसिङ थालिने यकिन नहुँदा खुट्टीउखु (दोस्रो वर्षको उखुबाली) काटेर हिउँदेबाली लगाउन नपाइने चिन्तामा किसान छन् । 'चिनी मिल कहिले सञ्चालन हुने थाहा छैन । खुट्टीउखु काटेर हिउँदे बाली लगाउन नपाउने चिन्ता लाग्न थालेको छ', भङ्गाहा–४ का किसान अरुण गिरीले भन्नुभयो । क्रसिङ ढिलो हुँदा खुट्टीउखु काटेर अर्को बाली लगाउने समयसीमा नाघेँको उनको भनाइ छ । यस वर्ष जिल्लामा कूल नौ हजार बिघामा उखुखेती गरिएकोमध्ये करिब चार हजार बिघामा खुट्टी रहेको सङघका अध्यक्ष कुशवाहाले बताए । सरकारले मूल्यबारे पुनर्विचार गरी दिनुपर्ने र उद्योगले चाँडै क्रसिङ थाल्नुपर्ने किसान बताउँछन् ।

यसैबीच एभरेष्ट चिनी उद्योगले यस वर्षको उखुको क्रसिङ मङ्सिर अन्तिम सातादेखि शुरु गर्ने तयारी गरेको छ । उद्योगमा यही मङ्सिर २० गते डोङा पूजापछि उद्योग सञ्चालन गर्ने जनाउँदै पूजाको तयारी भइरहेको उद्योगका प्रशासकीय प्रबन्धक सुरेन्द्र शुक्लाले बताए । 'डोङा पूजा क्रसिङ खोल्न प्रत्येक साल गरिने अनुष्ठान हो । यो पूजा सकेपछि क्रसिङ थालिने छ', उनले भने । रासस

# स्थानीय भाषा तथा संस्कृतिको संरक्षण आवश्यकः झा

मधेशदृष्टि
जनकपुरधाम ।
राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले मुलुकका विभिन्न जातजातिको भाषा, संस्कृति तथा सभ्यताको संरक्षण तथा प्रवर्धनका लागि सञ्चारकर्मीले कलम चलाउनुपर्ने बताएका छन् । रासस मधेश–प्रदेश कार्यालयद्वारा शुक्रबार जनकपुरधाममा आयोजित पत्रकारहरूसँगको छलफल कार्यक्रममा कार्यकारी अध्यक्ष झाले भाषासँग प्रत्यक्ष रुपमा जोडिने भएकाले भाषा, संस्कृतिको संरक्षण र जगेर्नामा आमसञ्चारमाध्यम र सञ्चारकर्मीको महत्वपूर्ण भूमिका हुने धारणा व्यक्त गरे । साधनस्रोतको अभावमा धर्म, संस्कृतिका पक्षमा वकालत गर्ने कैयौँ सञ्चारमाध्यम बन्द भएका र केही बन्द हुने अवस्थामा पुगेको प्रसङ्ग उल्लेख गर्दै उहाँले राष्ट्रको पहिचानका रुपमा रहेको हाम्रो भाषा, धर्म, संस्कृति र सभ्यताका पक्षमा अमूल्य योगदान पुऱ्याउने सञ्चारमाध्यमलाई सहयोग गर्न तीनै तहको सरकारसँग अनुरोध गरे । वर्तमान भौतिकवादी समयमा भाषा, संस्कृति र सभ्यताको उचित संरक्षण हुननसक्दा ती लोप हुने अवस्थामा पुगेको भनी चिन्ता व्यक्त गर्दै अध्यक्ष झाले भाषा, संस्कृति, सम्पदाको जगेर्ना र संरक्षणमा समग्र राष्ट्र एक हुनुपर्ने धारणा व्यक्त गरे ।

उनले नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्ने दायित्व राज्यको भएकाले राज्य संयन्त्रका रुपमा क्रियाशील राससले पहिलो चरणमा मैथिली, अवधि र नेपाल भाषामा बुलेटिन प्रकाशन गरी निःशुल्क रुपमा उपलब्ध गराएर स्थानीय भाषा संरक्षणमा सक्दो योगदान गरेको स्पष्ट पारे । कार्यकारी अध्यक्ष झाले




स्थानीय भाषाहरुको संरक्षण गर्ने उदेश्यले निःशुल्क रुपमा प्रदान गरिएको समाचार सेवा प्रयोग गरी लाभान्वित हुन सम्बद्ध आमसञ्चारमाध्यमसँग अनुरोध गर्दै स्रोतसाधन, आवश्यकता र औचित्यका आधारमा क्रमशः अन्य भाषामा पनि समाचार सेवा दिने पक्षमा रासस रहेको बताए ।

मधेश प्रदेश आमसञ्चार प्राधिकरणका प्रमुख श्यामसुन्दर यादवले मैथिली भाषामा प्रकाशित पत्रपत्रिको अवस्थाबारे जानकारी गराउँदै नेपालीपछि धेरै मानिसले प्रयोग गर्ने मैथिली भाषाको संरक्षण, सम्वद्र्धन र सुदृढीकरणका पक्षमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मधेश प्रदेश मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दासले मैथिली भाषाको संरक्षणका साथै मैथिली भाषा शैलीबारे सरोकार भएका पक्षबीच व्यापक रुपमा छलफल हुनुपर्ने विचार व्यक्त गरे । नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रिङ्कु मिश्र (गायत्री)ले मैथिली भाषासँग सम्बन्धित आमसञ्चारमाध्यमले राससबाट प्राप्त समाचार बढीभन्दा बढी उपयोग गर्नुपर्ने तथा विशेषगरी मैथिली भाषामा कलम चलाउने सञ्चारकर्मीको सम्बद्ध भाषाको समाचार सामग्री उत्पादन, प्रकाशन तथा प्रसारणमा ध्यान जानुपर्नेमा जोड दिइन् । पत्रकार महासङ्घ धनुषाका कार्यवाहक अध्यक्ष अवधेश कामतले राससले विभिन्न चुनौतीका बाबजुद बहुभाषाको सुरुआत गरेकामा धन्यवाद दिँदै भाषा तथा संस्कृतिको जर्गेनाका लागि योजनाबद्ध रुपमा लाग्नुपर्ने बताए ।

वरिष्ठ पत्रकार तथा प्राध्यापक श्यामसुन्दर शशिले पछिल्लो समय मैथिली भाषा सङ्कटमा परेकाले यसको संरक्षणका लागि राससले खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै मैथिली भाषाको शैलीपुस्तक आवश्यक रहेको बताए । रासस

# ठाकुरराम क्याम्पसका कर्मचारी आन्दोलित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसका कर्मचारीहरु आन्दोलित भएका छन् । क्याम्पस प्रशासनले एकजना कर्मचारीलाई व्यक्तिगत पूर्वाग्रह राखेर अन्यायपूर्ण पटक–पटक सरुवा गरेको विरोधमा त्रिवि कर्मचारी संघले क्याम्पस प्रशासन विरुद्ध आन्दोलन गरेका हुन् । ठाकुराम बहुमुखी क्याम्पसका सरुवा हुनुपर्ने कर्मचारीलाई सरुवा नगर्ने तर, एकजना कर्मचारीलाई भने व्यक्तिगत पूर्वाग्रह राखेर पटक– पटक सरुवा गरेकोले त्यसको विरोधमा आन्दोलित हुनुपरेको त्रिवि कर्मचारी संघ ठाकुराम ईकाई अध्यक्ष किशोरी चौधरीले बताए । क्याम्पसका कर्मचारी बुधन मुखियालाई एकबर्ष पनि नभई पटक–पटक विभिन्न शाखामा सरुवा गरेको र पछिल्लो पटक ठाकुरराम बहुमुखी क्याम्पसबाट सिराहा क्याम्पसमा सरुवा गरेकोले सरुवा रोक्न कर्मचारीहरुले आन्दोलन गर्दै क्याम्पस प्रशासनमा तालाबन्दी गरेका छन् । आन्दोलनरत कर्मचारीहरुले क्याम्पस प्रमुख, लेखा, प्रशासन, आईटी, स्टोर, परीक्षा शाखा लगायतको कार्यलयहरुमा तालाबन्दी गरेको इकाई अध्यक्ष चौधरीले जानकारी दिए । क्याम्पसको सहायक लेखापालको पदमा रहेका गुञ्जन सिंह, ठाकुरराम बहुमुखी क्याम्पसमा लेखा प्रमुखको रुपमा कार्यरत रहेका थिए । लेखा प्रमुखको रुपमा कार्यरत रहेका कर्मचारीहरुको सरुवा गर्ने समयमा क्याम्पस प्रमुख रञ्जीत प्रसाद यादवले उनको सरुवा नगरेर काजमा खटिएका सहायक लेखापाल बुधनलाई सिराहा क्याम्पसमा सरुवा गरिदिएको कर्मचारीहरुको आरोप छ ।

# नुहाउन गएका दुई युवकको डुबेर मृत्यु

**मधेशदृष्टि**
**चन्द्रपुर ।**
रौतहटको गरुडा–२ गेडहीगुठीस्थित लमाहा खोलामा नुहाउन गएका दुई जना युवकको डुबेर मृत्यु भएको छ । गरुडा नगरपालिका–२ गेडाहीका देवालाल साहको छोरा १८ वर्षीय जितेन्द्र साह र उमेश साहको छोरा १८ वर्षीय राजीव साहको लमाह खोलामा नुहाउने क्रममा डुबेर मृत्यु भएको सशस्त्र प्रहरी बल ११ नम्बर गणका सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईले जानकारी दिए । शुक्रबार दिउँसो नुहाउन गएका दुई युवा बेपत्ता भएको खबरप्राप्त हुनासाथ सशस्त्र प्रहरी बल ११ नम्बर गण तथा सुरक्षा बेस दुधियाभार र नेपाल प्रहरीको सहयोगमा उद्धार गरेको थियो । डुबेका दुवै जना व्यक्तिलाई अचेत अवस्थामा खोलाबाट उद्धार गरी एम्बुलेन्समा बेटर नेपाल मल्टी स्पेसलिटी हस्पिटल गरुडामा उपचारको लागि पठाइएको भए पनि दुवै जनालाई अस्पतालले मृत घोषणा गरेको सशस्त्र प्रहरी उपरीक्षक हुमागाईले जानकारी दिएका छन् ।

# पशुबली रोक्न चुनौतिपूर्ण



**मधेशदृष्टि**
**वीरगंज ।**
सर्वोच्च अदालतले पशुबली रोक्न गरेको आदेशको पूर्ण कार्यान्वयनमा चुनौती रहेको सरोकारवालाहरुले बताएका छन् । पशुबली रोक्न परमादेशको माग गर्दै दायर गरिएको तीनवटा रिटमा सर्वोच्च अदालतले गरेको आदेशको कार्यान्वयनका लागि वीरगंजमा गरिएको छलफल कार्यक्रममा सहभागीहरुले सयौं बर्षदेखि चल्दै आएको परम्परा र मानवको भगवानप्रतिको आस्थालाई रोक्न सर्वोच्चको फैसला निकै चुनौती रहेको बताएका हुन् । अधिवक्ता अर्जुन कुमार अर्याल, रामकृष्ण बन्जरा र राज्यलक्ष्मीदेवी गोल्छाले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई विपक्षी बनाई दिएको रिटमा सुनुवाई गर्दै पशुबली रोक्न २०७३ साल साउन २० गते परमादेश जारी गरेको थियो ।

सोही आदेश कार्यान्वयनका लागि गरिएको छलफल कार्यक्रममा सहभागीहरुले हरेक पाँचबर्षमा लाग्ने विश्व प्रसिद्ध गढीमाई मेलाको समयमा मात्रै पशुअधिकारका कुरा र बली रोक्ने विषयले चर्चा पाउने गरेको भन्दै बली रोक्नका लागि मासु नै नखान रोक लगाउनुपर्ने पनि तर्क गरेका थिए । मासु मानव स्वास्थ्यको लागि आवश्यक हुने र त्यसको लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले पशुपालन प्रवद्र्धनका लागि बजेट दिने तर, पशुबली चाहिँ रोक्नुपर्ने न्यायोचित नभएको बताएका हुन् । कार्यक्रममा सहभागीहरुले सर्वोच्च अदालतको फैसलाको सम्मान गर्दै कार्यान्वयनका लागि पनि तयार भएपनि समाजको आस्थासँग जोडिएको विषय रहेकोले कार्यान्वयनमा जटिलता आउने बताएका छन् ।

पशुबलीले पशु अधिकारलाई कानूनी रुपमा परिभाषित गरी पशुपंक्षी उपरका सबै प्रकारका निर्दयी व्यवहारमा नियन्त्रण कायम गर्न वाञ्छनीय भएकोले पशु अधिकार प्रत्याभुति दिन, पशु कल्याणको प्रबन्ध गर्न र नेपाली समाजमा पशुपन्छी उपर हुने गरेको सबै प्रकारका क्रुर बर्बर, निर्दयी वा अमानवीय व्यवहारलाई दण्डनीय घोषित गर्न अन्य मुलुकको प्रचलन समेतलाई अध्ययन गरी नेपाली सामाजको सन्दर्भ अनुकूल उपयुक्त कानून निर्माण गर्ने प्रकृया अगाडि बढाउन सर्वोच्च अदालतले निर्देशात्मक आदेश दिएको हो ।

# महालक्ष्मी बचत तथा ऋण सहकारीको साधारण सभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
महालक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको २४ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । वीरगंजस्थित माईस्थान अतिथि सदनमा आयोजित साधारण सभा आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पेश गरिएको थियो ।

संस्थाका अध्यक्ष ईश्वर चन्द्र गौतमद्वारा सार्वजनिक गरिएको प्रतिवेदनमा संस्थाको कूल आम्दानी ७ करोड ८५ लाख रहेको, सदस्यहरुलाई १८ प्रतिशत लाभांश वितरण गरिएको जनाएको छ । यस्तै, ऋणी र बचतकर्ता सदस्यहरुलाई ३२ लाख ७४ हजार संरक्षितपूंजी फिर्ता कोष वितरण गर्न सफल भएको प्रतिवेदनमा उल्लेख छ । संस्थाले गीतामन्दिर रोडको उत्तरतर्फ आफ्नो ५ तल्ले कार्यालय भवन निर्माण गरी संस्थालाई सबल र विश्वसनीय बनाउन सफल भएको संस्थाका अध्यक्ष गौतमले बताए । कार्यक्रममा पर्सा बचत तथा ऋण सहकारी संघका अध्यक्ष राजेश पंडित, संस्थाका शेयरधनी सदस्य अधिवक्ता विरेन्द्र लाल नेपाली, उपेन्द्र पंडितले शुभकामना मनतव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत मन्तव्य प्रा. डा दिपक शाक्य तथा धन्यवाद ज्ञापन अधिवक्ता बाल मुकुन्द खरेलले गरेका थिए ।

# करिब एक करोड रुपैयाँ बराबरको औषधि बोकेको ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले करिब एक करोड रुपैयाँ बराबरको औषधि बोकेको ट्रक नियन्त्रणमा लिएको छ । बिहीबार राति करिब ११ बजेको समयमा वीरगंजबाट काठमाडौँतर्फ लैजाँदै गरेको अवस्थामा उक्त ट्रक नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक किशोर लम्सालका अनुसार ट्रकमा ९० लाख ३७ हजार रुपैयाँ बराबरको औषधि बरामद भएको हो । लम्सालले वीरगंज महानगरपालिका ८ स्थित घण्टाघर चोकमा ना.३ ख ७९१९ नम्बरको मालबाहक ट्रकमा चेकजाँचका क्रममा बिलबिजक बिनाको ठूलो मात्रामा औषधि फेला परेको बताए । नियन्त्रणमा लिइएको ट्रक र औषधिसहित थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको प्रहरीले जानकारी दिएको छ ।

# १० जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले एकैदिनमा १० जना प्रतिवादी लाई पक्राउ गरेको छ ।

प्रहरी कारबाहीको सिलसिलामा जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी ईकाइहरूबाट खटिएको प्रहरी टोलीले जिल्लाको छुट्टाछुट्टै स्थानबाट १० फरार प्रतिवादी लाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा कलैया उपमहानगरपालिका १८ का लालबाबु महतो धानुक, फेटा गाउँपालिका ४ बतराका मुकेश मुखिया, निजगढ ९ का अमृत लामा, सिम्रौनगढ ११ का सन्तोष साह तेली, वडा १० का वकिल प्रसाद यादव, करैयामाई ८ का नागेन्द्र पण्डित, गंजभवानीपुरका शोषनाथ प्रसाद साह तेली, बरियारपुरका रामायण चौधरीलगायत रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी प्रकाश सापकोटाले जानकारी दिए ।

# मुस्लिम आयोग खारेज गरिनु पर्छः यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियान नेपालगञ्जले मुस्लिम आयोग खारेजीको माग गर्दै स्थानीय बुद्धिजीवीहरूसँग विशेष छलफल गरेको छ । समाजसेवी रामाशंकर माधव दासको अध्यक्षतामा आयोजित कार्यक्रममा अभियानका केन्द्रीय अध्यक्ष विनय यादव, संगठन महामन्त्री हर्क स्वार र अन्य स्थानीय बुद्धिजीवीहरूले मन्तव्य व्यक्त गरे । कार्यक्रमका अध्यक्ष रामाशंकर माधव दासले भने, 'मुस्लिम आयोगले आफ्नो अस्तित्वलाई समाजका सबै वर्गका लागि उपयोगी बनाउन सकेको छैन । अहिलेको समयमा हामीलाई समाजमा समता र एकता कायम राख्न केन्द्रित प्रयास चाहिन्छ, अलगाववादलाई प्रोत्साहन दिने संस्थाहरू होइन ।' केन्द्रीय अध्यक्ष विनय यादवले मुस्लिम आयोग खारेजीको मागलाई औचित्यपूर्ण ठहराउँदै भने, 'हामी कुनै पनि समुदायको विरुद्ध छैनौं, तर यो आयोगले समाजमा साम्प्रदायिक ध्रुवीकरण मात्र बढाएको छ । अब हामीले सबै समुदायलाई समान अवसर दिने संरचना बनाउनु पर्छ ।

धर्मनिरपेक्ष संविधानमा एउटा धर्म विशेष आयोगले देशमा धार्मिक संतुलन खलबली रहेको तथ्यहरु भर्खरै तराई मधेशमा घटेको धार्मिक हिंसाबाट साबित हुन्छ, त्यसकारण देशमा धार्मिक संतुलन कायम गर्न यो आयोग खारेज गर्नु पर्छ ।'

संगठनका महामन्त्री हर्क स्वारले मुस्लिम आयोगले राष्ट्रिय एकतालाई कमजोर बनाएको आरोप लगाउँदै भने, 'हाम्रो अभियान कुनै धर्म, जाति वा समुदायको विरोधमा होइन । हाम्रो उद्देश्य सबैलाई समान अधिकार र अवसर सुनिश्चित गर्नु हो । मुस्लिम आयोगजस्ता संस्थाहरूले समाजलाई टुक्र्याउन भूमिका खेलिरहेका छन् र यो हाम्रो साझा भविष्यका लागि घातक हो ।'

कार्यक्रममा भरत विश्वकर्मा र बमबहादुर शाहीलाई केन्द्रीय सदस्यका साथै बाँके र अछाम जिल्लाका इन्चार्जमा मनोनित गरिएको छ । इन्चार्जमा मनोनित भएपछि भरत विश्वकर्माले भने, 'यो जिम्मेवारीले मलाई समुदायको हितका लागि अझ बढी काम गर्ने प्रेरणा दिएको छ । मुस्लिम आयोगजस्ता संस्था समाजमा विभाजन सिर्जना गर्न होइन, एकता निर्माण गर्नुपर्छ भन्ने मेरो दृढ विश्वास हो ।' अछाम जिल्लाका इन्चार्ज बनेका बमबहादुर शाहीले भने, 'म यो अवसरका लागि आभारी छु । हाम्रो उद्देश्य राष्ट्रिय एकतालाई सुदृढ गर्नु हो । मुस्लिम आयोगजस्ता संस्थाहरूले समाजमा एकताभन्दा फरकपनको भावना बढाउने गरेका छन् । यसले दीर्घकालीन रूपमा समाजमा नकारात्मक प्रभाव पार्छ ।' कार्यक्रममा स्थानीय बुद्धिजीवीहरूले पनि मुस्लिम आयोगको औचित्यमाथि प्रश्न उठाउँदै यसलाई खारेज गरी समग्र समाजको हित हुने प्रणाली स्थापना गर्नुपर्नेमा जोड दिएका थिए ।

# हिन्दूमाथि असहिष्णु नहुन बांगलादेशलाई महासंघको आग्रह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
बंगलादेशमा रहेका अल्पसंख्यक हिन्दूमाथि असहिष्णु नहुन विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिले बंगलादेश सरकारलाई आग्रह गरेको छ । महासंघ अन्तर्राष्ट्रिय समिति का. वा.अध्यक्ष अस्मिता भण्डारीले एक विज्ञप्ति जारी गर्दै बंगलादेश सरकारलाई त्यस्तो आग्रह गरेकी हुन् । बंगलादेशमा बसोवास गर्दै आएका हिन्दू धर्मावलम्बीमाथि बारम्बार भइरहने आक्रमणका घटनाहरूबाट विश्व हिन्दू महासंघको चिन्तित रहेको भन्दै अध्यक्ष भण्डारीले बंगलादेशमा सनातन जागरणका प्रवक्ता हिन्दू धर्म गुरु श्री चिन्मोय कृष्ण दासलाई धार्मिक कार्यक्रम आयोजना एवम् अगुवाइ गरेको कारण जेल चलान गरेको घटनाप्रति महासंघको गम्भीर ध्यानाकर्षण उल्लेख गरेकी छन् ।

'घटनाले संसारभरिका हिन्दु धर्म तथा ॐकार परिवारका अनुयायीहरूमा गहिरो चोट पुगेको छ । आफ्नो देशका बंगलादेशी हिन्दूहरू जो अल्पसंख्यामा रहेका छन्, उनीहरूको धार्मिक स्वतन्त्रताको सम्मान र मानव अधिकारको रक्षाका लागि संवेदनशील बन्दै शान्ती सुरक्षाको प्रत्याभूति गराउनको लागि बंगलादेश सरकारको ध्यानकर्षण गराउछौँ ।' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# १३८ जनाद्वारा रक्तदान, १८४ को उपचार



**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्लाको चर्चित बजार कटहरियामा निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कटहरिया ४ का वडा अध्यक्ष चन्दन कुशवाहाको पहलमा नेशनल मेडिकल कलेज वीरगंज तथा ब्लड बैंकको पहलमा शुक्रबार निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । कटहरियामा सम्भवतः पहिलोचोटी यति धेरै संख्यामा मानिसहरूले रक्तदान गरेका हुन् ।

कार्यक्रममा रक्तदान गरेकाहरूलाई उत्कृष्ट मानवीय सेवाबाट अभिप्रेरित भई रक्तदान गरि अमूल्य सहयोग गरे बापत प्रशंसा पत्र समेत प्रदान गरिएको थियो । साथै अन्य रोगबाट पिडितहरू लाई पनि आवश्यक सल्लाह सहित औषधि प्रदान गरिएको थियो ।

कटहरिया बजारमा रहेका औषधि पसलहरुले औषधि सहयोग गरेका थिए ।

अन्तर्वार्ता

# एसिया र विश्वकप यो हातले उचाल्नु छः कप्तान महतो





**महोत्तरी**
यु–१९ नेपाली महिला क्रिकेट टोलीकी कप्तान पूजा महतोले आसन्न एसियाकप र विश्वकप जित्नु अहिलेको अर्जुनदृष्टि भएको बताएकी छन् । युएईमा सम्पन्न दुईवटै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको छनोट प्रतिस्पर्धा जितेर गृह जिल्ला महोत्तरी आएकी १८ वर्षीया पूजासँगको संक्षिप्त कुराकानीमा मुलुक फर्कदा सबै क्षेत्रबाट पाएको सम्मानले हर्षविभोर बनाउनुका साथै थप दायित्व बोध गराएको बताइन् ।

पछिल्लो समय खेलप्रति आम रुपमा जागेको चासो र विश्वासले नेपाली खेल जगतले अबका दिनमा झनझन सफलताको सिँढी चढ्ने उनको विश्वास छ । प्रस्तुत छ, कप्तान महतोको महोत्तरीको गौशाला–९ डुमरवानास्थित घरमै क्रिकेटमा उनको लगाव र भविष्यका बारेमा रासस जिल्ला सम्वाददाता गोपाल बरालले गरेको संक्षिप्त कुराकानीको सम्पादित अंशः

**युएईबाट छनोट प्रतिस्पर्धा जितेर फर्केदेखि तपाईंलाई सम्मान र पुरस्कार लिन भ्याइनभ्याइ परेको छ । यसमा कस्तो महसुस गर्नुभएको छ ?**

युएईबाट छनोट प्रतिस्पर्धा जित्न सक्दा म निकै हर्षविभोर छु । छनोट प्रतिस्पर्धाको जितले नै यहाँ कति उत्साह दिएको रहेछ भन्ने त मप्रति दर्साइएको स्नेह र सम्मानले नै देखाएको छ । यहाँ आइपुग्नासाथ मधेस प्रदेश सरकार, स्थानीय तहहरु, विभिन्न राजनीतिक दल, सामाजिक सङ्घसंस्था , खेलकुद जगत र आम सर्वसाधारणबाट पाएको स्नेह र सम्मानले अबका दिनमा अझ राम्ररी अघि बढ्न हौसला र ऊर्जा दिएको छ । खेलप्रति र खासमा क्रिकेटप्रति बढेको यो चासोले अबका दिन खेलका लागि राम्रो समय आउला भन्ने आशा जागेको छ ।

**तपाईं ग्रामिण परिवेशको सामान्य किसान परिवारमा जन्मनु भएकी महिला । क्रिकेटमा कसरी जोडिनु भयो ?**

हो, तपाईंले भन्नु भएजस्तै म ग्रामीण परिवेशको सामान्य किसान परिवारमै जन्मिएकी हुँ । यहाँको खेतीपातीले घर धान्न धौधौ परेपछि मेरा पिता रञ्जित महतो परिवारसहित कामको खोजीमा भारतको दिल्ली पुग्नुभयो । हामी तीन दिदीबहिनी र एउटा भाइ त्यहीं (दिल्ली) बस्न थाल्यौँ । मेरी कान्छी बहिनी आरती र भाइ कृष्ण दिल्लीकै एकेडेमीमा क्रिकेट सिक्थे । म उनीहरुलाई पु¥याउन जान्थे । त्यहीँ प्रशिक्षकले खै ममा के देख्नु भएर हो, मलाई पनि खेलाउन थाल्नुभयो । मैले चार वर्षदेखि खेलको अभ्यास थालेकी हुँ । केही समयपछि भाइ एउटा खेलमा सहभागी हुन नेपाल आए । उनको नेपाल क्रिकेट सङ्घ (क्यान) का उपाध्यक्ष रोशनकुमार सिंहसँग भेट भएछ । भेटमा भाइले 'मेरी दिदी पूजा पनि राम्रो खेल्नुहुन्छ, उहाँलाई टिममा राख्नु न' भनेछन् । भाइ दिल्ली फर्केर मेरो खेलका तस्बिर र भिडियोहरु उपाध्यक्ष सिंहलाई पठाउँदा रहेछन् । मेरो खेल भिडियो र तस्बिरमा हेर्नु भएका उपाध्यक्ष सिंहले मलाई नेपाल झिकाएर खेलाउने निर्णय लिएर मेरा पिताजीसँग समन्वय गर्नु भएअनुसार म काठमाडौ पुगेँ । उपाध्यक्ष सिंहको पितृवत् कुशल अभिभावकत्व पाएँ । उहाँकै निर्देशन पालना गर्दै अघि बढ्दै जाँदा जिल्ला, प्रदेश हुँदै अहिले देशकै यू–१९ नेपाली महिला क्रिकेट टोलीको कप्तान बन्न सकेको छु । जे उपलब्धि देखिएको छ, पाइएको छ, त्यो क्यान र हाम्रो टोलीको साझा मेहनतको प्रतिफल हो ।

**अब के योजनामा हुनुहुन्छ ?**

ल, यो पनि भन्नु पर्छ र ! अब केही सातामै मलेसियामा एसियाकप प्रतियोगिता हुँदैछ । लगत्तै एक महिनापछि डिसेम्बरमा विश्वकप हुँदैछ । अब अहिलेको सपना भन्नुस्, ध्येय वा लक्ष्य भन्नोस्, यी दुवै प्रतियोगितामा सफलता हात पार्नु हो । मलेसियामा आयोजना हुने यी दुवै प्रतियोगिता जित्नु अहिले हाम्रो टोलीको एकमात्र अर्जुनदृष्टि हो ।

**अन्त्यमा केही भन्नुहुन्छ कि ?**

हजुर, मधेशमा प्रदेश सरकारले केही वर्षअघिदेखि 'बेटी पढाउ, बेटी बचाउ' अभियान सञ्चालन गरेको छ । अब 'बेटी खेलाउ' पनि भन्न प¥यो भन्ने मेरो आग्रह छ । खेलले किशोर र युवा उमेरका हाम्रा दिदीबहिनीको शारीरिक सुगठन मजबुत हुनुको साथै घरबाहिरका गतिविधिमा सक्रियता बढाउँछ । अनुशासन सिकाउँछ । मनभित्रको दुर्वलता हटाउँछ । यसपालिको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान पनि अहिले जारी छ । खेलमा बढीभन्दा बढी महिला सहभागिताले लैङ्गिक विभेदविरुद्धको अभियानलाई पनि सघाउँछ भन्ने मेरो विश्वास छ ।

# गृहमन्त्रीलाई नै भूमिगत गिरोहको 'थ्रेट'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले आफूलाई सशस्त्र भूमिगत समूहबाट धम्की आइरहेको दाबी गरेका छन् । शुक्रबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै गृहमन्त्री लेखीले जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्तिमोर्चाको नामबाट धम्की आइरहेको बताए ।

उनले धम्की आएको विषयमा मुख्यमन्त्री र मधेश प्रहरी प्रमुखलाई जानकारी गराइसकेको बताए । सुरक्षा निकायबाट यस विषयमा अन्य मन्त्रीलाई समेत आफूजस्तो धम्की आउने गरेको जानकारी पाएको मन्त्री लेखीको भनाइ छ । बिहीबार गृह तथा सञ्चार मन्त्रालयमा बसेको प्रदेश सुरक्षा समितिको बैठकमा पनि मन्त्री लेखीले धम्की आउने गरेको विषय उठाएका थिए । बैठकमा अनुसन्धानका प्रहरी अधिकारीले अन्य पनि केही मन्त्रीले यस्तो धम्की आउने गरेको खुलाएका थिए । तर, मन्त्री लेखीले नेपाल प्रहरीलाई यस विषयमा केही पनि जानकारी नदिएको अर्का एक प्रहरी अधिकारीको दाबी छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन